
# प्रभाव दैनिक

National Daily

वर्ष ११ अंक २३६ काठमाडौं आइतबार, ०७ पुस २०८१ Prabhab National Daily Sunday, December 22, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-







# जनकपुर बोल्ट्सलाई उपाधि




| | | |
|---|---|---|
| उत्कृष्ट नेपाली खेलाडी | : | दीपेन्द्रसिंह ऐरी |
| उत्कृष्ट बलर | : | ललित राजवंशी |
| प्लेयर अफ द टुर्नामेन्ट | : | सैफ जैब |
| म्याक्स फोर अफ टुर्नामेन्ट | : | लाहिरु मिलान्था |
| इनर्जेटिक प्लेयर अफ द टुर्नामेन्ट | : | जिम्मी निशम |
| इमर्जिङ प्लेयर अफ द टुर्नामेन्ट | : | विपीन शर्मा |
| फेयर प्ले अवार्ड | : | लुम्बिनी लायन्स |

**काठमाडौं (प्रस)–** नेपालमा पहिलोपटक आयोजना गरिएको फेञ्चाइज क्रिकेट प्रतियोगिता नेपाल प्रिमियर लिग (एनपिएल)को पहिलो संस्करणको उपाधि जनकपुर बोल्ट्सले जितेको छ। कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा शनिबार भएको फाइनल खेलमा सुदूरपश्चिम रोयल्सलाई पाँच विकेटले पराजित गर्दै जनकपुर

**क्रमशः पृष्ठ २ मा**

# टिआरसीमा उदासीन सरकार

**■ जेबी योञ्जन**

**काठमाडौं–** शान्ति प्रक्रियाको बाँकी रहेको एकमात्र कार्यभार द्वन्द्वपीडितलाई न्याय दिलाउने मामिला अन्योलमा फसेको छ। सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्र संयोजक रहेको समितिले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग (टिआरसी)मा सर्वसम्मतिले पदाधिकारी सिफारिस गर्न नसकेपछि सरकारलाई नयाँ प्रक्रिया थाल्न राय दिएको थियो।

रायअनुसार सरकारले पदाधिकारी नियुक्तिबारे प्रक्रिया थालेको छैन। यससँगै पदाधिकारी कहिले र कसरी सिफारिस हुन्छ ? अनि, द्वन्द्वपीडितले कहिले न्याय पाउलान् ? अन्योलमा फसेको द्वन्द्वमा बलात्कार पीडित महिलाको राष्ट्रिय सञ्जालकी संयोजक देवी खड्काले बताइन्।

> दलहरूले टिआरसीको पदाधिकारीमा कार्यकर्तालाई अघि सार्ने गर्दा यहाँ रजाइँ अझै गर्ने देखियो ।
>
> **■ देवी खड्का**
> **संयोजक, द्वन्द्वमा बलात्कार पीडित महिलाको राष्ट्रिय सञ्जाल**

> आयोगको अध्यक्ष राजनीतिक पहिचान बनाएका नेतृत्वबाट सम्भव हुँदैन । संक्रमणकालीन न्यायका जानकार, स्वतन्त्र विज्ञ र द्वन्द्वपीडितसँगै अन्तर्राष्ट्रिय समुदायको भरोसायोग्य व्यक्ति हुनुपर्छ ।
>
> **■ डा.गणेशदत्त भट्ट**
> **पूर्वअध्यक्ष, सत्य निरूपण तथा मेलमिलाप आयोग**

उनले मिश्र समितिले पनि हल्का रूपमा सरकारलाई नयाँ प्रक्रिया थाल्न राय दिनुलाई गलत मानेकी छन्। टिआरसीलाई लिएर दलहरूको अब छेलोखेलो हुने भन्दै उनले चिन्ता प्रकट गरिन्। 'हामी १८ वर्षदेखि न्यायको खोजीमा छौं। कतिले न्यायका लागि लड्दालड्दै जीवन गुमाउनुपरेको छ,' उनले प्रभावसँग भनिन्, 'तर, सर्च कमिटी पदाधिकारी सिफारिस गर्न नसक्ने, सजिलैसँग सरकारलाई नयाँ प्रक्रिया थाल्नु भन्ने अनि दलहरूले टिआरसीको पदाधिकारीमा कार्यकर्तालाई अघि सार्ने गर्दा यहाँ रजाइँ अझै गर्ने देखियो।' सरकारले गत बर्खे अधिवेशनबाट टिआरसीसम्बन्धी कानुन बनाएको छ। उक्त कानुनअनुसार सत्य निरूपण र बेपत्ता छानबिन आयोग गठन गर्नुपर्ने छ।

**क्रमशः पृष्ठ २ मा**

**सन्दर्भः वैदेशिक रोजगार**

## स्वास्थ्य परीक्षणमा सिण्डिकेटविरूद्ध मेडिकल व्यवसायी संघ

**काठमाडौं (प्रस)–** नेपाल मेडिकल व्यवसायी संघले वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण कार्य व्यवस्थित र मर्यादित बनाउन सरोकारवालाहरूसँग अपिल गरेको छ। संघले शुक्रबार एक प्रेस विज्ञप्ति जारी गरी स्वास्थ्य परीक्षण प्रभावकारी, पारदर्शी, गुणस्तरीय र सरल तथा सहजरूपमा उपलब्ध गराउन सम्पूर्ण व्यवसायी तथा सरोकारवाला निकायहरूलाई आग्रह गरेको हो।

वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण प्रणालीमा हुने सिण्डिकेटविरुद्ध संघले निरन्तर संघर्ष गर्दै आएको जनाएको छ। साथै, सिण्डिकेटको विरुद्धमा उभिएका वैदेशिक रोजगारसँग सम्बन्धित व्यवसायीहरू, नेपाल वैदेशिक राजगार व्यवसायी संघ, सञ्चारमाध्यम, सरकारी निकाय, मलेसियन सरकार तथा दूतावासलगायतलाई संघले धन्यवाद ज्ञापन गरेको छ।

संघले मलेसियन सरकारबाट सिण्डिकेट खारेज गरेको सूचना सम्प्रेषण भइसकेको जानकारी नेपालस्थित मलेसियन दूतावासबाट प्राप्त भएको पनि विज्ञप्तिमा उल्लेख गरेको छ। 'मंसिर २७ गते माननीय श्रममन्त्री शरदसिंह भण्डारीसँगकोछलफलमासमेत सबै देशको स्वास्थ्य परीक्षण सबै स्वास्थ्य संस्थाले गर्न पाउने तथा छुट्टै कानुन बनाई विशेष क्षेत्रको स्वास्थ्य परीक्षण गरिरहेका स्वास्थ्य संस्थाबाट जाँच नगराई कोरिया, इजरायल तथा अन्य देशको स्वास्थ्य परीक्षण अस्पतालबाट गरिरहेको कुरा तुरुन्त बन्द गरी श्रम मन्त्रालयमा सूचीकृत स्वास्थ्य संस्थाबाट मात्रै हुने व्यवस्था मिलाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ,' विज्ञप्तिमा भनिएको छ। सबै प्रकारका सिण्डिकेट अन्त्यका एक जुट भएर लाग्नुको विकल्प नरहेकोसमेत संघले विज्ञप्तिमा उल्लेख गरेको छ।

## राहदानी बनाउन माल्टाबाट ६५० को आवेदन

**लिस्बन (पोर्चुगल)–** विद्युतीय राहदानी (ई-पासपोर्ट) बनाउनका लागि माल्टाबाट ६०० भन्दा बढी नेपालीको राहदानी आवेदन संकलन गरिएको छ। राहदानी विभाग काठमाडौं र स्पेनस्थित नेपाली दूतावासको संयुक्त टोलीले माल्टामा सञ्चालन गरेको घुम्ती शिविरबाट विद्युतीय राहदानीका लागि जैविक विवरणसहितको आवेदन संकलन गरेको हो।

शिविरबाट राहदानीको म्याद सकिएका, राहदानीको म्याद एक वर्षभन्दा कम भएका, क्षति भएका, हराएका र माल्टामा जन्मेका नेपाली बालबालिकाको नयाँ राहदानी गरी कूल ६५० जनाको जैविक विवरणसहितको आवेदन संकलन गरिएको स्पेनका लागि कार्यवाहक राजदूत यज्ञराज पौडयालले जानकारी दिए। पाँच दिनसम्म सञ्चालन भएको घुम्ती सेवाबाट झण्डै ७०० नेपालीले सेवा लिएको कार्यवाहक राजदूत पौडयालले बताए।

शिविरबाट करिब ७८ हजार युरो अर्थात् एक करोड १० लाख रूपैयाँ राजस्व संकलन भएको पौडयालले बताए। 'राहदानी नवीकरणलगायतका कागजात प्रमाणीकरणसम्बन्धी समस्यामा परेका नेपालीलाई सेवा दिन विशेष प्राथमिकता दिएर माल्टामा घुम्ती शिविर सञ्चालन गरेका हौं,' पौडयालले भने, 'शिविर अवधिभर हामीले सक्दो सेवा दिने प्रयास गऱ्यौं, माल्टाबाटै सेवा पाउँदा सहज भएको भन्दै सेवाग्राहीले खुसी व्यक्त गर्नुभयो।'

**क्रमशः पृष्ठ २ मा**




## पृष्ठ १ बाट क्रमशः

## टिआरसीमा उदासीन...

त्यसका लागि सरकारले तीन महिनाअघि सर्वोच्चका पूर्वप्रधानन्यायाधीश मिश्रको नेतृत्वमा दुवै आयोगका पदाधिकारी सिफारिसका लागि समिति गठन गरेको थियो । समिति पदाधिकारी सर्वसम्मतिमा सिफारिस गर्न असफल भयो ।

सत्य निरूपण तथा मेलमिलाप आयोगका पूर्वअध्यक्ष डा. गणेशदत्त भट्टका अनुसार सरकारसँग अब दुईवटा विकल्प छ । पहिलो, बाधा अड्काउ गरेर मिश्र नेतृत्वकै समितिलाई पदाधिकारी सिफारिस गर्ने अवधि बढाउने र दोस्रो सर्वोच्चकै अर्का पूर्वप्रधानन्यायाधीशको नेतृत्वमा नयाँ समिति गठन गर्ने । स्रोतका अनुसार बिहीबार मन्त्रिपरिषद् बैठक बसेर सरकारले मिश्र समितिको अवधि बढाउने वा नयाँ समिति गठन गर्ने भन्ने दुईमा एक निर्णय लिने अवस्था थियो ।

तर, मन्त्रिपरिषद् बैठक नै बसेन । यससँगै टिआरसीमा पदाधिकारी सिफारिस पेचिलो बनेको छ । पूर्वअध्यक्ष भट्ट भन्छन्, 'आयोगको अध्यक्ष राजनीतिक पहिचान बनाएका नेतृत्वबाट सम्भव हुँदैन । संक्रमणकालीन न्यायका जानकार, स्वतन्त्र विज्ञ र द्वन्द्वपीडितसँगै अन्तर्राष्ट्रिय समुदायको भरोसायोग्य व्यक्ति हुनुपर्छ । किनभने आयोगमा काम गर्न सहज छैन ।'

यसअघि पदाधिकारीका लागि 'सर्टलिस्ट'मा सुदीप पाठक, विश्वराज कोइराला, शेरबहादुर केसी, डिल्लीराज आचार्य, विजय सिजापति, महेश थापा, अच्युतप्रसाद भण्डारी र काशीराज दाहालको नाम थियो । सर्ट लिस्टअघि भने कांग्रेसका पूर्वसभासद रहेका वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी, पूर्वकानुनमन्त्रीसमेत एमाले नेता अग्निप्रसाद खरेल, सत्य निरूपण आयोगकै पूर्वअध्यक्ष गणेशदत्त भट्टलगायतको नाम पनि चर्चामा थियो । तर, सर्ट लिस्टमा उनीहरू अटाएनन् ।

आयोगका अध्यक्षमा कांग्रेस सभापति शेरबहादुर देउवा अन्तिमसम्म सुदीप पाठक र विश्वराज कोइरालाको पक्षमा उभिएका थिए । तर, दुवै पात्र विवादित थिए । उनीहरूप्रति द्वन्द्वपीडितहरूको पनि विरोध रहृयो । समितिमा मतभेद भयो । मतभेदपछि संयोजक मिश्रले काशीराज दाहालको नाम अघि सारेका थिए । त्यसमा सदस्यहरू सहमत हुन सकेनन् र १ पुसको साँझ सिफारिस समितिले नयाँ प्रक्रिया सुरु गर्न सरकारलाई आग्रह गरेको थियो । अब सरकारको कदम के हुन्छ ? विचारणीय छ ।

दुवै आयोगमा मानवअधिकार सम्बद्ध अन्तर्राष्ट्रिय संस्थाहरूले छिटो पदाधिकारी सिफारिस गरेर संक्रमणकालीन न्यायिक प्रक्रियाअनुसार द्वन्द्वकालीन घटनाका पीडितहरूलाई न्याय दिन सरकारलाई आग्रह गरेका छन् । ह्युमन राइट्स वाच, एमनेस्टी इन्टरनेसनललगायत संस्थाका प्रतिनिधिहरूले विज्ञप्ति जारी गर्दै विगतमा द्वन्द्वकालीन घटनाका पीडितलाई न्याय दिलाउन नेपाल सरकारले गरेको प्रयासप्रति असन्तुष्टि प्रकट गर्दै द्वन्द्वपीडित र विश्वसमुदायको विश्वास आर्जन गर्न सक्ने गरिका व्यक्तिलाई पदाधिकारी सिफारिस गर्न सुझाएका छन् ।

हुन पनि सरकारले दुवै आयोगको पदाधिकारीमा त्यस्ता नामहरू अघि सार्नुपर्छ, जोहरू आयोगको पदाधिकारी रहँदा न्याय पाउने विश्वास गर्न सक्ने खालको हुनुपर्ने द्वन्द्वपीडितहरूको धारणा छ । उनीहरूको बिचारमा शान्ति प्रक्रियाको बाँकी रहेको एउटा मात्रै कार्यभार द्वन्द्वपीडितलाई न्याय दिने सन्दर्भमा यतिबेला देउवा र ओलीले अलि गम्भीर हुनैपर्छ । दुई नेताले आफ्ना पार्टीका कार्यकर्तालाई जागिर खुवाउने अड्डाको रूपमा दुवै आयोगलाई लिनु नहुने द्वन्द्वपीडितलाई न्याय दिलाउन लड्दै आएका भागिराम चौधरीले बताए ।

उनले भने, 'टिआरसी टुंगो लगाउने विषय नेपाली राजनीतिमा युगिन् महत्त्व राख्ने राजनीतिक घटना हो । त्यसले गर्दा शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन दुवै आयोगमा आमरूपमा भरोसायोग्य व्यक्तिहरूलाई पदाधिकारी बनाउनुपर्दछ । यसमा शेरबहादुर देउवा-केपी शर्मा ओली बढी गम्भीर र जिम्मेवार हुनुपर्दछ ।'

यसअघि सत्य निरूपण आयोगमा ६३ हजार ७१८ वटा उजुरी परेका छन् । बेपत्ता छानबिन आयोगमा चार हजारभन्दा बढी उजुरी परेका छन् । यसले गर्दा प्राप्त उजुरीहरूमाथि अनुसन्धान गरेर न्याय प्रक्रिया अघि बढाउनुपर्ने बाध्यतामा सरकार छ । यसका लागि छिटो पदाधिकारी सिफारिस गर्नुपर्ने दायित्वमा सरकार छ । किनभने द्वन्द्वपीडितलाई कहिलेसम्म अन्यायमा राख्ने ? प्रश्न छ ।

द्वन्द्वपीडित भएकाहरू १ फागुन २०५२ सालदेखि ५ मंसिर २०६३ सम्म राजनीतिक व्यवस्था परिवर्तनका लागि भएको माओवादी सशस्त्र युद्धको बेला हो । उक्त युद्धमा नेपाली बुबाआमाका १७ हजार सन्तानले बलिदान दिए । त्यसकारण देशमा यति धेरै योद्धाको बलिदानी भएको माओवादी सशस्त्र युद्धबाहेक अरू छैन । तर, युद्धपछि १२ बुँदे बृहत् शान्ति सम्झौताको जगमा माओवादीले हतियार बिसायो । माओवादी जनमुक्ति सेनाहरू नेपाली सेनामा समायोजन भए । युद्धका कतिपय पीडक र पीडित पक्षबीच मेलमिलाप भयो ।

तर, युद्धले छाडेको एउटा डोब अझैसम्म आलै छ । त्यो हो- राज्य पक्ष र तत्कालीन विद्रोही माओवादी पक्षबाट भएको गम्भीर मानवअधिकार उल्लंघनका घटनामा पीडित भएकाहरूले न्याय नपाउनु । द्वन्द्वपीडितहरू १८ वर्षदेखि न्यायको प्रतीक्षामा छन् ।

संक्रमणकालीन न्यायिक प्रक्रियाअनुसार यत्तिकासम्म द्वन्द्वपीडितहरूले न्याय नपाउनुमा मूलतः कांग्रेस, एमाले र माओवादी नै जिम्मेवार छन् । द्वन्द्वपीडितहरूका विभिन्न संघ संगठन र नेपालको शान्ति प्रक्रियासँग चासो राख्ने अन्तर्राष्ट्रिय समुदायले छिटो संक्रमणकालीन न्यायअनुसार न्याय दिन सरकारसँग माग गरिरहेका छन् । तर, सरकार यसप्रति उदासीन देखिएको छ ।

●●●

## राहदानी बनाउन...

शिविरबाट राहदानी नवीकरण, राहदानी वितरण र कागजात प्रमाणीकरणलगायतका कन्सुलर सेवा प्रवाह गरिएको दूतावासले जनाएको छ । घुम्ती सेवामा दूतावासका सहचारी विपिन चन्द, राहदानी विभागका नायव सुब्बा विदुर खतिवडा र दूतावासका स्थानीय कर्मचारी खटिएका थिए । टोलीले डिसेम्बर १४ तारिखदेखि गैरआवासीय नेपाली संघ माल्टाको कार्यालयबाट कन्सुलर सेवा प्रदान गरेको थियो । घुम्ती सेवालाई गैरआवासीय नेपाली संघ माल्टासहित त्यहाँ क्रियाशील नेपाली संघसंस्थाले समन्वय र सहजीकरण गरेका थिए ।

माल्टामा नेपाली दूतावास नभएका कारण राहदानी विभाग र स्पेनस्थित नेपाली दूतावासको संयुक्त टोलीले त्यहाँ घुम्ती शिविर सञ्चालन गरेको हो । यसअघि दूतावासले गत महिना स्पेनको बार्सिलोनामा घुम्ती सेवा सञ्चालन गरेको थियो । रासस

●●●

## जनकपुर बोल्ट्सलाई...

बोल्ट्सले उपाधि चुमेको हो । जितका लागि सुदूरपश्चिम रोयल्सले दिएको १८५ रनको लक्ष्य जनकपुर बोल्ट्सले १९.२ ओभरमा पाँच विकेटको क्षतिमा पूरा गऱ्यो । यो सँगै जनकपुरले सुदूरपश्चिमसँग दुईपटक बेहोरेको हारको बदला लिएको छ । यसअघि लिगचरण र क्वालिफायरमा भएका दुवै भेटमा जनकपुर सुदूपश्चिमसँग पराजित भएको थियो ।

जनकपुरलाई उपाधि दिलाउने क्रममा ओपनरद्वय लाहिरू मिलान्था र आशिफ शेखले पहिलो विकेटका लागि महत्त्वपूर्ण ७३ रनको साझेदारी गरे । जनकपुरको जितमा मिलान्थाले आक्रामक अर्धशतकीय पारी खेले । उनले ४९ बल खेल्ने क्रममा चार छक्का र नौ चौकाको सहयोगमा ८७ रन बनाए । आशिफ शेखले १९ बल खेल्ने क्रममा चार चौका र दुई छक्कासहित ३३ रनको योगदान दिए । हर्ष थाकरले २४ बल खेल्दै दुई छक्काको साहरामा ३० रन बनाए । साथै मोहम्मद मोहसिनले नौ र जिमी निशमले चार, आकाश त्रिपाठीले दुई र मयन यादवले दुई रन बनाए ।

सुदूरपश्चिमका लागि सैफ अलि जेब, इशान पाण्डे, दीपेन्द्रसिंह ऐरी र स्कट कुग्गेलेइनले समान एक/एक विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा १८४ रन बनाएको थियो । उसका लागि ओपनरद्वय सैफ अलि जेब र बिनोद भण्डारीले शानदार सुरुआत दिलाए । उनीहरूले पहिलो विकेटका लागि ११७ रनको साझेदारी गरे । सैफ अलि जेब अर्धशतकीय पारी खेले । उनले ४३ बल खेल्ने क्रममा आठ चौका र दुई छक्काको साहरामा ६९ रन बनाए । साथै विनोद भण्डारीले ३१ बल सामना गर्दै एक चौका र तीन छक्कासहित ४१ रन बटुले ।

साथै ब्राण्डन म्याक मुलेन र हर्मित सिंहले समान १४ रन बनाए भने स्कट कुग्गेलेइनले १३ रन बटुले । अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । जनकपुरका लागि किशोर महतो र मोहम्मद मोहसिनले तीन/तीन विकेट लिए भने जिमी निशम र ललित राजवंशीले एक/एक विकेट लिए । प्रतियोगिताको उपाधि विजेता जनकपुर बोल्ड्सले ट्रफीसहित एक करोड १० लाख रूपैयाँ र उपविजेता सुदूरपश्चिम रोयल्सले ५१ लाख रूपैयाँ प्राप्त गरे । तेस्रो बनेको कर्णाली याक्सले २५ लाख रूपैयाँ र चौथो हुने चितवन राइनोजले १५ लाख रूपैयाँ प्राप्त गरेको नेपाल क्रिकेट संघ (क्यान)ले जनाएको छ ।

### एनपिएलमा कुन खेलाडीले कुन अवार्ड जिते ?

पहिलो संस्करणको एनपिएलको आकर्षक पुरस्कारको रूपमा रहेको कार सुदूरपश्चिम रोयल्सका कप्तान दीपेन्द्रसिंह ऐरीले प्राप्त गरेका छन् । नेपाली क्रिकेट इतिहासमा खेल खेलेर कार पाउने कप्तान ऐरी पहिलो खेलाडी बनेका हुन् । एनपिएलमा उत्कृष्ट प्रदर्शन गरेका ऐरीले करिब ६२ लाख रूपैयाँ मूल्य पर्ने ओमोडा 'इ' फाइभ डिएलएक्स कार प्राप्त गरेका हुन् ।

क्यान, ब्रान्ड डिजिटल लजिक प्रालि र शारदा ग्रुपले संयुक्तरूपमा एपिएलमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई कार प्रदान गर्ने निर्णय गरेका थिए । ऐरीको कप्तानीमा रहेको सुदूरपश्चिम रोयल्स एनपिएलको पहिलो संस्करणमा उपविजेता बनेको छ । कप्तान ऐरीले एनपिएलका नौ खेलबाट २२७ रन जोड्दै नौ विकेट लिएका छन् । एनपिएलको विजेता टोली जनकपुर बोल्ट्सका खेलाडी ललित राजवंशीले अल्ट्राभाइलेट इलेक्ट्रिक मोटरसाइकल जितेका छन् । उनले एनपिएलमा सानदार प्रदर्शन गर्दै मोटरसाइकल जितेका हुन् । ललितले एनपिएलमा १७ विकेट आफ्नो नाममा दर्ता गर्दै चार रनसमेत जोड्न सफल भए ।

'प्लेयर अफ द टुर्नामेन्ट' को अवार्ड सुदूरपश्चिम रोयल्सका खेलाडी सैफ जैबले पाएका छन् । उनले पाँच लाख रूपैयाँको चेक प्राप्त गरे । जैबले एनपिएलमा सुदूरपश्चिमको लागि २७५ रन जोड्दै १२ विकेट लिएका थिए । जनकपुरबाट एनपिएल खेलेका अमेरिकाका क्रिकेटर लाहिरू मिलान्थाले 'म्याक्स फोर अफ टुर्नामेन्ट' को अवार्ड प्राप्त गरेका छन् । एनपिएलमा ३५ चौका प्रहार गरेका उनले दुई लाखको चेकसहित 'म्याक्सिमम फोर अफ टुर्नामेन्ट' अवार्ड पाएका हुन् । मिलान्थाले एनपिएलमा कूल २९३ रन बनाएका छन् ।

यस्तै, जनकपुर बोल्ट्सका खेलाडी जिम्मी निशमले 'इनर्जेटिक प्लेयर अफ द टुर्नामेन्ट' को अवार्ड प्राप्त गरेका छन् । उनले दुई लाख रूपैयाँको चेक प्राप्त गरेका छन् । निशमले जनकपुरका लागि २४७ रन जोड्दै सात विकेट आफ्नो नाममा दर्ता गरेका छन् । कर्णाली याक्सका आइकोनिक खेलाडी विपीन शर्माले 'इमर्जिङ प्लेयर अफ द टुर्नामेन्ट' को अवार्डसहित ५० हजार रूपैयाँ जितेका छन् । साथै, उनले प्रेसिडेन्टल ग्राजुएट स्कुलबाट १० लाख रूपैयाँबराबरको छात्रवृत्तिसमेत प्राप्त गरेका छन् । विपीनले एनपिएलमा १३ विकेट आफ्नो नाममा दर्ता गरेका छन् । एनपिएलमा लुम्बिनी लायन्सले 'फेयर प्ले' को अवार्ड जितेको छ ।

# आजदेखि सञ्चार र मिडियासम्बन्धी सम्मेलन

**काठमाडौं (प्रस)**– राजधानीमा आजदेखि सञ्चार र मिडियासम्बन्धी सम्मेलन २०२४ हुने भएको छ । त्रिभुवन विश्वविद्यालयको पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग र सेन्टर फर मिडिया रिसर्च नेपालको आयोजनामा दुई दिने सम्मेलन हुन लागेको हो । सम्मेलन विभागको क्यामरा भवन बल्खुमा हुने छ ।

सम्मेलनमा पत्रकारिता, मिडिया र सञ्चारसँग सम्बन्धित एक दर्जनभन्दा बढी अनुसन्धान प्रस्तुत हुने विभागले जनाएको छ । विभागका प्रमुख डा. कुन्दन अर्यालले पत्रकारिता र सञ्चार क्षेत्रमा अध्ययन तथा अनुसन्धानलाई प्रोत्साहन, सञ्चार र पत्रकारिता क्षेत्रका विविध विषयमा संवाद संस्कृतिको विकास, नयाँ-नयाँ प्रविधिले ल्याएका अवसरको सदुपयोग र चुनौतीलाई सामना गर्न सहयोग पुऱ्याउने उद्देश्यले सम्मेलन आयोजना गर्न लागिएको जानकारी दिए ।

सम्मेलनमा भारत, बंगलादेश र श्रीलंकाका विज्ञहरूको प्रस्तुति रहेको छ । प्राध्यापक पी. खरेलको 'बहुच्यालन र दर्शकको खण्डीकरण' विषयमा विशेष प्रस्तुति रहेको छ । यस सम्मेलनमा कृत्रिम बौद्धिकता युगमा मिथ्या सूचनाविरुद्धको लडाइँ, मिडिया र भ्रष्टाचार, पत्रकारिताको भविष्य, मिडिया र राज्यको सम्बन्ध, पत्रकारिताको दिगोपनाबारे सम्बन्धित क्षेत्रका विज्ञ, पत्रकार र अनुसन्धानकर्ताहरूबीच छुट्टाछुट्टै संवाद गर्ने कार्यक्रम छ ।


**एभ्रिटाइम बचत तथा ऋण सहकारी संस्था लि.**
का.म.न.पा.-५, कालोपुल, काठमाडौं, फोन नं.०१-४५१६३४५, ४५१६३४६

**कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना !**

*(प्रथम पटक प्रकाशित मिति २०८१/०९/०७ गते)*

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जाको यस संस्था संग कर्जा लिदा गरेको शर्त सम्झौता बमोजिम तिर्नु बुझाउनु पर्ने साँवा ब्याज, अन्य दै दस्तुर समेत तिर्न बुझाउनको लागी निजलाई पटक पटक मौखिक तथा लिखित रूपमा ताकेता गर्दा र संस्थाका प्रतिनिधि संग कर्जा चुक्ता गर्ने सम्बन्धमा भएका छलफल अनुसार पनि तपाईको संस्थाको लेना रकम चुक्ता भुक्तान गर्ने मनसाय समेत नदेखिएकोले यो कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा उपस्थित भई संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम (साँवा ब्याज, हर्जना, अन्य दै दस्तुर समेत) चुक्ता भुक्तान गर्नुहोला । अन्यथा कर्जा लिदां संस्थालाई धितो लेखिदिएको तपशिलको अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानुन बमोजिम लिलाम बिक्रि वा अन्य व्यवस्था गरि कर्जा असुल उपर गरिने ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस संस्थालाई लेखिदिएको धितो बाट संस्थाको सम्पुर्ण लेना रकम असुल उपर नभएमा ऋणी तथा जमानीकर्ताको अन्य चल अचल श्रीसम्पत्तिबाट लेना बाँकी रकम असुल उपर गरिने ब्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| ऋणी :- सान बहादुर राई<br>बाबुको नाम : सार्कीमान राई<br>बाजेको नाम : सिगं बहादुर<br>ठेगाना : महादेवस्थान गा.वि.स. १, काभ्रेपलाञ्चोक<br>नागरिकता नं. : १५६१४६<br>जारी जिल्ला : काभ्रेपलाञ्चोक<br> | १) नाम :- राजकुमार राई<br>बाबुको नाम : सान बहादुर राई<br>बाजेको नाम : सार्कीमान राई<br>ठेगाना : मण्डनदेउपुर. ०८, काभ्रे<br>नागरिकता नं. : १५६५२५/जारी जिल्ला : काभ्रेपलाञ्चोक<br><br>२) नाम :- अस्मिता दनुवार<br>बाबुको नाम : कृष्ण लाल दनुवार<br>आमाको नाम : काली दनुवार<br>ठेगाना : फटकशिला ०८, सिन्धुपाल्चोक<br>नागरिकता नं. : २४३०५६।४१८/जारी जिल्ला : सिन्धुपाल्चोक |
| धितोको विवरण<br>ऋणी सान बहादुर राईको नाममा दर्ता रहेको काभ्रेपलाञ्चोक जिल्ला महादेवस्थान गा.वि.स. वडा नं. १ कि.नं. २६६२ को क्षेत्रफल ०-१०-२-१ र कि.नं. २६६५ को क्षेत्रफल १-३-३-३ जग्गा लिगलगापात समेत पुरा । | |

**साउदीमा रोजगार** कम्पनी : Intelligent Cooperation Services

पूर्व स्वीकृति मिति : २०८१/०९/०५ LT. No. 315767 चलानी नं.६०२३०००९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laborer & Unloading | 25 | 0 | 1000 | ३६,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १४ गते (29th Dec. 2024) मा हुनेछ ।

CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 9813768590
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : FELDA PLANTATION MANAGEMENT SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/०८/०५ LT. No. 315491

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. |
|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 106 | 0 | 1500 | [illegible] |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १४ गते (29th Dec. 2024) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

KHOJI RECRUITMENT SERVICES PVT. LTD.
Govt. License 902/067/68
Bijaybasti, Sanepa-2, Lalitpur, Contact: 01-5455896, 5455792
Email: Info@khojinepal.com.np


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

आइतबार, ०७ पुस, २०८१

| | |
|---|---|
| मेष | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| वृष | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| मिथुन | अरूको करकापमा काम गर्न बाध्य । |
| कर्कट | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| सिंह | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| कन्या | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |
| तुला | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| वृश्चिक | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |
| धनु | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |
| मकर | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| कुम्भ | सुखद समाचारले मनको डर उत्साहमा रूपान्तरण । |
| मीन | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०७ पुस, २०८१ (२२ डिसेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३५.४९ | १३६.०९ |
| युरो | १ को | १४२.१३ | १४२.७६ |
| पाउन्ड स्टिर्लङ | १ को | १७१.४० | १७२.१६ |
| स्विस फ्रैन्क | १ को | १५१.८६ | १५२.५३ |
| अस्ट्रेलियन डलर | १ को | ८६.०८ | ८६.४६ |
| क्यानाडियन डलर | १ को | ९५.१४ | ९५.५६ |
| सिङ्गापुर डलर | १ को | १००.३६ | १००.८० |
| जापानी येन | १० को | ८.८१ | ८.८५ |
| चिनियाँ युआन | १ को | १८.६० | १८.६८ |
| साउदी अरब रियाल | १ को | ३६.०७ | ३६.२२ |
| कतारी रियाल | १ को | ३७.१७ | ३७.३३ |
| थाई भाट | १ को | ३.९८ | ३.९९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.८९ | ३७.०५ |
| मलेसियन रिङेट | १ को | ३०.४३ | ३०.५६ |
| दक्षिण कोरियन वन | १०० को | ९.४४ | ९.४८ |
| स्विडिस क्रोनर | १ को | १२.३६ | १२.४१ |
| डेनिस क्रोनर | १ को | १९.०६ | १९.१४ |
| हङकङ डलर | १ को | १७.४३ | १७.५० |
| कुवेती दिनार | १ को | ४४०.२० | ४४२.१५ |
| बहराइन दिनार | १ को | ३५९.२० | ३६०.७९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# जाडोमा यसरी गरौं छालाको स्याहार

**काठमाडौं–** पुस लागेसँगै जाडो अत्यधिक बढिसकेको छ । यस याममा जोडबाट जोगिन र छालाको स्याहार गर्न बढी सतर्कता आवश्यक हुन्छ । विज्ञहरूका अनुसार जाडोमा टाउकादेखि पैतालासम्मका सबै अंग चिसोबाट प्रभावित हुन पुग्छन्, त्यसैले आवश्यक सतर्कता नअपनाए समस्या हुनसक्छ ।

निजामती अस्पतालका छाला तथा यौन रोग विशेषज्ञ डा. प्रज्ज्वल पुडासैनीका अनुसार जाडो मौसममा हावामा आद्रता (ह्युमिडिटी) कम हुने भएकाले छाला बढी सुक्खा हुन्छ । 'हत्केला तथा पैतालामा तेल निकाल्ने ग्रन्थी (सिवेसियस ग्लान्ड) एकदम कम हुन्छ । त्यसैले छालामा ओस (मोस्चइर) प्रदान गर्ने चिल्लो कम हुँदा छाला सुक्खा हुन्छ,' उनले भने ।

जाडो महिनामा विशेषगरी सुक्खा हावाको प्रभावले कपाल सुक्खा हुने, टुट्ने र चायाँ पनि अत्यधिक पर्ने डा. पुडासैनीको भनाइ छ । उनी भन्छन्, 'शरीरको प्राकृतिक तेल कम भएर सुक्खापना आउने (जेरोटिक एक्जिमा) ले छाला सुन्निने, चिलाउने, पोल्ने, पानी फोका आउने, बिमिरा आउने, पाक्नेलगायत समस्या आउन सक्छन् । एटोपिक एक्जिमा हुन सक्छ, जसले छालामा एलर्जी गराउने हुन्छ । हात खुट्टाका औंला चिलाउने, सुन्निने समस्या 'चिल्बिलेन्स' पनि बढी देखिन्छ ।'

जाडोमा एलर्जीको समस्या पनि बढी देखिने चिकित्सकहरू बताउँछन् । एलर्जी बढ्नुको मुख्य कारण जाडोमा छाला फुट्ने र संक्रमण हुनु हो । डा. पुडासैनीले भने, 'जाडोमा बढी देखिने 'सोरायसिस' पनि हो, जसलाई कत्ले रोग पनि भनिन्छ । कुहिना, ढाड, घुँडा, कपालमा फुरफुर फुस्रो खालको छालाको पत्र कत्ला निस्किने हुन्छ । जाडोमा डन्डिफोर पनि बढ्छ । छाला सुक्खा भएर प्राकृतिकरूपमा तेल निकाल्ने ग्रन्थी (सिबेसियस ग्लान्ड) झन् सक्रिय हुन्छ जसले गर्दा डन्डिफोर आउँछ ।'

वीर अस्पतालकी छाला तथा यौनरोग विशेषज्ञ प्रा.डा. अनुपमा कार्की जाडो मौसममा बहिरंग सेवा (ओपिडी) मा धेरैजसो छाला सुक्खा हुने, एलर्जी हुने, छाला खस्रो हुने, फुट्नेलगायत समस्या लिएर आउने गरेको बताउँछिन् । जाडोमा सरसफाइको कमीले छालाको समस्या बढ्ने उनको भनाइ छ । 'प्रायः मान्छे जाडोमा कम नुहाउँछन् । लुगा फेर्न अल्छी गर्छन् । समय-समयमा सिरक, डसना घाममा सुकाउँदैनन् । त्यसैले लुतोको समस्या लिएर आउने बिरामी पनि छन्,' उनी भन्छिन् ।

जाडोमा छालाको बाथको समस्याका साथै कसैलाई घामको एलर्जी (फोटो डर्माटाइटिस) हुनसक्ने डा. कार्कीले बताइन् । 'जाडोमा कपडाले नढाकिएको छालाको भाग हात, खुट्टा, नाकको टुप्पा, कानको छालामा रगत प्रवाह गर्ने नसा खुम्चिएर दुख्ने, सुन्निने समस्यासमेत आउनसक्छ । जाडोमा 'रोजासिया' ले रातोपना, फोका आउने, चिलाउने, पोल्ने समस्या पनि देखिन सक्छन्,' उनले भने ।

जाडोमा छालाको स्याहार गर्न बेला-बेलामा मोस्चराइजर लगाउनु नै सबैभन्दा राम्रो उपाय रहेको डा. पुडासैनीको सुझाव छ । 'चिसोमा जाँदा सकेसम्म अनुहार छोप्ने, बाइक चलाउँदा भाइजर लगाउने, मास्क, क्याप, पञ्जा, मोजा लगाउने गर्नुपर्छ । नुहाउँदा मनतातो पानीमा नुहाउनुपर्छ । नुहाइसकेपछि अलि-अलि भिजेको छालामा नरिवलको तेल, जैतुनको तेल वा भ्यासलिन जे उपलब्ध छ, त्यो लगाउनु उपयुक्त हुन्छ । नियमित व्यायाम तथा पौष्टिक आहारले पनि छाला स्वस्थ्य राख्न मद्दत पुऱ्याउँछ,' उनले सुझाइन् ।

डा. कार्की छाला राम्रो बनाउन पानी तथा फलफूल प्रशस्त खानुपर्ने बताउँछिन् । अधिकांशले जाडोमा पानी कम पिउनाले पछि छाला सुक्खा हुने र खुम्चिने हुनसक्ने बताउँदै उनी भन्छिन्, 'पानी प्रशस्त पिउनुपर्छ । *रासस*

# स्थानीय तहलाई विपद्सम्बन्धी न्यूनतम मापदण्डअनुसार सक्षम बनाइने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले हरेक पालिकालाई विपद् जोखिम न्यूनीकरणका हिसाबले व्यवस्थित र सक्षम बनाउने भएको छ । गृह मन्त्रालय मातहत रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले त्यस्ता स्थानीय तहलाई विपद् उद्धारमा सक्षम बनाउन आवश्यक सामग्री उपलब्ध गराइ सहयोग गर्ने प्राधिकरणका सहसचिव डा. भीष्मकुमार भुसाल बताए ।

उनले विपद् व्यवस्थापनका दृष्टिले पालिकामा न्यूनतम मापदण्ड पुऱ्याउने गरी आवश्यक तयारी थालिएको जानकारी दिए । 'कतै सामानहरू अपर्याप्त त कतै सामान धेरै थुप्रिएको पाइयो, अब सबै क्षेत्रको तथ्यांक लिएर न्यूनतम मापदण्ड नपुगेका पालिकाहरूमा विपद् व्यवस्थापनसम्बन्धीका सामान पुऱ्याउने तयारी थालेका छौं,' डा. भुसालले भने । प्राधिकरणको नेतृत्वमा हालै पश्चिम नेपालमा गरिएको एक अध्ययनले स्थानीय तहमा विपद् व्यवस्थापन कार्य संस्थागत हुन नसकको औंल्याएको थियो । त्यसलाई सम्बोधन गर्न प्राधिकरणले तयारी थालेको हो । कम्तीमा विपद् उद्धारका न्यूनतम सामग्री टेन्ट, त्रिपाल तथा आवश्यक खाद्यान्न, सुरक्षित स्थान, 'रेस्पोन्स टिम'लगायत व्यवस्था हुनुपर्ने हुन्छ ।

उक्त प्रतिवेदनले स्थानीय तहलाई विपद् व्यवस्थापनमा थप प्रभावकारी बनाउन स्रोतसाधन, दक्ष जनशक्ति बढाउनुपर्ने आवश्यकता औंल्याएको छ । आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य लेखाजोखा अध्ययनमा विपद् व्यवस्थापन कति संस्थागत भएको छ कि छैन भनेर हेरिएको थियो । यसले स्थानीय तहमा विपद् व्यवस्थापन संस्थागत हुन नसकेको, केही स्थानीय तहबाहेक धेरै विपद्को मापदण्डभन्दा तल रहेको पाइएको प्राधिकरणका नीति योजना तथा अनुगमन महाशाखा प्रमुख सहसचिव रामबन्धु सुवेदीले बताए ।

उनले ठूलो विपद् भएको अवस्थामा स्थानीय तहले 'रेस्पोन्स' गर्न नसक्ने अवस्था देखिएको जानकारी दिँदै सबै हिसाबले क्षमता विकास गर्न आवश्यक देखिएको बताए । कम्तीमा पालिकालाई विपद् व्यवस्थापनका हिसाबले न्यूनतम मापदण्डमा पुऱ्याउने र विपद्को पूर्वतयारी तथा प्रतिकार्यका लागि सक्षम बनाउन जरुरी रहेको प्राधिकरणको निष्कर्ष छ ।

यसैगरी अध्ययनले विपद् व्यवस्थापन कोषको रकम प्रशासनिकलगायत काममा बढी खर्च हुने गरेको र प्रतिकार्यका लागि उपकरण र दक्ष जनशक्तिको अभाव रहेको देखाएको छ । प्राधिकरणको नेतृत्वमा विभिन्न सहयोगी संघसंस्थाको सहभागितामा भूकम्पको पूर्वतयारी, प्रतिकार्य र सिकाइको विषयमा केन्द्रित भएर उक्त अध्ययन गरिएको थियो । सुदूरपश्चिमको डोटी, बझाङ, बाजुरा, रुकुम पश्चिम र जाजरकोट गरी पाँच जिल्लाका २८ वटा पालिकामा अध्ययन गरिएको प्राधिकरणले जनाएको छ ।

## हिम रिभर पावर लि.को

### वार्षिक साधारणसभा बस्ने सम्वन्धी सार्वजनिक सूचना

प्रकाशन मिति : २०८१/०९/०७

यस कम्पनीको आ.ब. ०८०।८१ को वार्षिक साधारणसभा निम्न मिति, समय, स्थानमा बसी निर्धारित प्रस्ताव उपर छलफल गर्ने गरी संचालक समितिको निर्णय अनुसार आव्हान गरिएकाले सम्पूर्ण शेयरधनीलाई उपस्थितिका लागि सूचित गरिएको छ ।

**निम्न:**
मिति : २०८१/०९/२९ गते सोमबार
समय : विहान ९:०० वजे
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय प्राङ्गण, सिनामंगल, भीमसेनगोला काठमाडौं ।

**छलफलका प्रस्ताव:**
१. संचालक अध्यक्षज्यूद्वारा प्रस्तुत आ.ब. ०८०।८१ को वार्षिक प्रतिवेदन सम्वन्धमा ।
२. लेखापरिक्षकज्यूद्वारा प्रस्तुत आ.ब. ०८०।८१ को लेखापरिक्षण प्रतिवेदन, आय-व्यय विवरण र वासलात माथि छलफल र सर्मथन गर्ने ।
३. आगामी आ.ब. ०८१।८२ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।
४. विविध ।

**आज्ञाले**
**कम्पनी सचिव**

## पूर्व अरनीको यातायात प्रा.लि.को

### वार्षिक साधारणसभा बस्ने सम्वन्धी सार्वजनिक सूचना

प्रकाशन मिति: २०८१/०९/०७

यस कम्पनीको आ.ब. ०८०।८१ को **वार्षिक साधारणसभा** निम्न मिति, समय र स्थानमा बसी निर्धारित प्रस्ताव उपर छलफल गर्ने गरी संचालक समितिको निर्णय अनुसार आव्हान गरि सम्पूर्ण शेयरधनीलाई विभिन्न माध्यमबाट सूचित गरिएकोमा कुनै कारणले उल्लिखित सूचना प्राप्त हुन नसकेको भएमा समेत यसै सूचना मार्फत सभामा उपस्थितिका लागि अनुरोध छ ।

**कार्यक्रम विवरण:**
मिति : २०८१।०९।२७ गते शनिबार
समय : विहान ९:०० वजे
स्थान : अरनीको सभाहल, वनेपा, काभ्रेपलाञ्चोक ।

**छलफलका लागि निर्धारित प्रस्ताव :**
१. संचालक अध्यक्षज्यूद्वारा प्रस्तुत आ.ब. ०८०।०८१ को वार्षिक प्रतिवेदन सम्वन्धमा ।
२. लेखापरिक्षकज्यूद्वारा प्रस्तुत आ.ब. ०८०।०८१ को लेखापरिक्षण प्रतिवेदन, आय-व्यय विवरण र वासलात माथि छलफल र सर्मथन गर्ने ।
३. आगामी आ.ब. ०८१।०८२ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।
४. साविक अरनीको यातायात सेवा समितिका सदस्यलाई प्राथमिकताका साथ रुपान्तरित कम्पनीको शेयरमा हक कायम गरिदिने व्यवस्था मिलाउने संचालक समितिको निर्णयको समर्थन गर्ने सम्वन्धमा ।
५. विविध ।

**संचालक समिति**

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल पुष महिना ७ गते आइतबार)

यस विकास बैंकको शाखा कार्यालय कुस्माबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तगर्त लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमका बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**क) कर्जा शिर्षक : सहुलियतपुर्ण कृषि आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **पौडेल कृषि तथा पशु फर्म** सञ्चालकको नाम : हरिशरण पौडेल दर्ता नं. : ८६/०७४/०७५
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय, पर्वत
दर्ता मिति : २०७४/०७/१९
रजिष्टर्ड ठेगाना : पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ७ स्थायी लेखा नं. : ६०७१५२०८७

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) छविलाल उपाध्यायको नाति हरिलाल पौडेल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **हरिशरण पौडेल** (ना.प्र.नं. : ५११०५०/६८८ जारी मिति र जिल्ला : २०६७/०६/०३, पर्वत)

२) छविलाल उपाध्यायको नाति हरिलाल पौडेल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **रेश्मीराज पौडेल** (ना.प्र.नं. : ५११०५०/६८९ जारी मिति र जिल्ला : २०६७/०६/०३, पर्वत)

३) रविवाल उपाध्यायको नाति छविलाल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल कुश्मा न.पा. वडा नं. ७ बस्ने **हरिलाल उपाध्याय** (ना.प्र.नं. : ७२२४ जारी मिति र जिल्ला : २०४३/१२/३०, पर्वत)

४) ऋषि प्रसाद पाध्पाको छोरी हरिलाल पौडेल उपाध्यायको बुहारी हरिशरण पौडेलको पत्नी पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ७ बस्ने **सम्झना शर्मा पौडेल** (ना.प्र.नं. : ५१-०१-७५-००३०८ जारी मिति र जिल्ला : २०७५/०२/०१, पर्वत)

५) टेक नाथ सुवेदीको छोरी हरिलाल पौडेल उपाध्यायको बुहारी रेश्मीराज पौडेलको पत्नी पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ७ बस्ने **करुणा पौडेल** (ना.प्र.नं. : ५१-०१-७४-०२४६० जारी मिति र जिल्ला : २०७४/०७/०७, पर्वत)

६) चन्द्र दत्त अधिकारीको छोरी गंगादत्त शर्माको बुहारी रामु शर्माको पत्नी पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **कल्पना शर्मा** (ना.प्र.नं. : ४३६०६ जारी मिति र जिल्ला : २०६०/११/०३, पर्वत)

**ख) कर्जा शिर्षक : महिला उद्यमशिलता आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **सक्षम किराना सप्लायर्स** सञ्चालकको नाम : सम्झना शर्मा पौडेल प्र.प.नं. : १७२८
दर्ता गर्ने कार्यालय : नगर कार्यपालिकाको कार्यालय, कुस्मा पर्वत, गण्डकी प्रदेश
दर्ता मिति : २०७८/०४/२८
रजिष्टर्ड ठेगाना : पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ७ स्थायी लेखा नं. : ६१६३४५७८०

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) ऋषि प्रसाद पाध्पाको छोरी हरिलाल पौडेल उपाध्यायको बुहारी हरिशरण पौडेलको पत्नी पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ७ बस्ने **सम्झना शर्मा पौडेल** (ना.प्र.नं. : ५१-०१-७५-००३०८ जारी मिति र जिल्ला : २०७५/०२/०१, पर्वत)

२) छविलाल उपाध्यायको नाति हरिलाल पौडेल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **हरिशरण पौडेल** (ना.प्र.नं. : ५११०५०/६८८ जारी मिति र जिल्ला : २०६७/०६/०३, पर्वत)

३) रविवाल उपाध्यायको नाति छविलाल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल कुश्मा न.पा. वडा नं. ७ बस्ने **हरिलाल उपाध्याय** (ना.प्र.नं. : ७२२४ जारी मिति र जिल्ला : २०४३/१२/३०, पर्वत)

४) छविलाल उपाध्यायको नाति हरिलाल पौडेल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **रेश्मीराज पौडेल** (ना.प्र.नं. : ५११०५०/६८९ जारी मिति र जिल्ला : २०६७/०६/०३, पर्वत)

५) टेक नाथ सुवेदीको छोरी हरिलाल पौडेल उपाध्यायको बुहारी रेश्मीराज पौडेलको पत्नी पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ७ बस्ने **करुणा पौडेल** (ना.प्र.नं. : ५१-०१-७४-०२४६० जारी मिति र जिल्ला : २०७४/०७/०७, पर्वत)

६) चन्द्र दत्त अधिकारीको छोरी गंगादत्त शर्माको बुहारी रामु शर्माको पत्नी पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **कल्पना शर्मा** (ना.प्र.नं. : ४३६०६ जारी मिति र जिल्ला : २०६०/११/०३, पर्वत)

**ग) कर्जा शिर्षक : व्याक्तिगत आवधिक कर्जा**

**ऋणीको विवरण**

छविलाल उपाध्यायको नाति हरिलाल पौडेल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **हरिशरण पौडेल** (ना.प्र.नं. : ५११०५०/६८८ जारी मिति र जिल्ला : २०६७/०६/०३, पर्वत)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) रविवाल उपाध्यायको नाति छविलाल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल कुश्मा न.पा. वडा नं. ७ बस्ने **हरिलाल उपाध्याय** (ना.प्र.नं. : ७२२४ जारी मिति र जिल्ला : २०४३/१२/३०, पर्वत)

२) छविलाल उपाध्यायको नाति हरिलाल पौडेल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **रेश्मीराज पौडेल** (ना.प्र.नं. : ५११०५०/६८९ जारी मिति र जिल्ला : २०६७/०६/०३, पर्वत)

३) चन्द्र दत्त अधिकारी को छोरी गंगादत्त शर्मा को बुहारी रामु शर्मा को पत्नी पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **कल्पना शर्मा** (ना.प्र.नं. : ४३६०६ जारी मिति र जिल्ला : २०६०/११/०३, पर्वत)

४) ऋषि प्रसाद पाध्पाको छोरी हरिलाल पौडेल उपाध्यायको बुहारी हरिशरण पौडेलको पत्नी पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ७ बस्ने **सम्झना शर्मा पौडेल** (ना.प्र.नं. : ५१-०१-७५-००३०८ जारी मिति र जिल्ला : २०७५/०२/०१, पर्वत)

५) टेक नाथ सुवेदीको छोरी हरिलाल पौडेल उपाध्यायको बुहारी रेश्मीराज पौडेलको पत्नी पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ७ बस्ने **करुणा पौडेल** (ना.प्र.नं. : ५१-०१-७४-०२४६० जारी मिति र जिल्ला : २०७४/०७/०७, पर्वत)

**घ) कर्जा शिर्षक : व्याक्तिगत आवधिक कर्जा**

**ऋणीको विवरण**

छविलाल उपाध्यायको नाति हरिलाल पौडेल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **हरिशरण पौडेल** (ना.प्र.नं. : ५११०५०/६८८ जारी मिति र जिल्ला : २०६७/०६/०३, पर्वत)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) रविवाल उपाध्यायको नाति छविलाल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल कुश्मा न.पा. वडा नं. ७ बस्ने **हरिलाल उपाध्याय** (ना.प्र.नं. : ७२२४ जारी मिति र जिल्ला : २०४३/१२/३०, पर्वत)

२) छविलाल उपाध्यायको नाति हरिलाल पौडेल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा.वडा नं. ७ बस्ने **रेश्मीराज पौडेल** (ना.प्र.नं. : ५११०५०/६८९ जारी मिति र जिल्ला : २०६७/०६/०३, पर्वत)

३) टेक नाथ सुवेदीको छोरी हरिलाल पौडेल उपाध्यायको बुहारी रेश्मीराज पौडेलको पत्नी पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ७ बस्ने **करुणा पौडेल** (ना.प्र.नं. : ५१-०१-७४-०२४६० जारी मिति र जिल्ला : २०७४/०७/०७, पर्वत)

४) ऋषि प्रसाद पाध्पाको छोरी हरिलाल पौडेल उपाध्यायको बुहारी हरिशरण पौडेलको पत्नी पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ७ बस्ने **सम्झना शर्मा पौडेल** (ना.प्र.नं. : ५१-०१-७५-००३०८ जारी मिति र जिल्ला : २०७५/०२/०१, पर्वत)

**ङ) कर्जा शिर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

छविलाल उपाध्यायको नाति हरिलाल पौडेल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **हरिशरण पौडेल** (ना.प्र.नं. : ५११०५०/६८८ जारी मिति र जिल्ला : २०६७/०६/०३, पर्वत)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) छविलाल उपाध्यायको नाति हरिलाल पौडेल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **रेश्मीराज पौडेल** (ना.प्र.नं. : ५११०५०/६८९ जारी मिति र जिल्ला : २०६७/०६/०३, पर्वत)

२) ऋषि प्रसाद पाध्पाको छोरी हरिलाल पौडेल उपाध्यायको बुहारी हरिशरण पौडेलको पत्नी पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ७ बस्ने **सम्झना शर्मा पौडेल** (ना.प्र.नं. : ५१-०१-७५-००३०८ जारी मिति र जिल्ला : २०७५/०२/०१, पर्वत)

**च) कर्जा शिर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

टेक नाथ सुवेदीको छोरी हरिलाल पौडेल उपाध्यायको बुहारी रेश्मीराज पौडेलको पत्नी पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ७ बस्ने **करुणा पौडेल** (ना.प्र.नं. : ५१-०१-७४-०२४६० जारी मिति र जिल्ला : २०७४/०७/०७, पर्वत)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) छविलाल उपाध्यायको नाति हरिलाल पौडेल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडानं. ७ बस्ने **रेश्मीराज पौडेल** (ना.प्र.नं. : ५११०५०/६८९ जारी मिति र जिल्ला : २०६७/०६/०३, पर्वत)

२) ऋषि प्रसाद पाध्पाको छोरी हरिलाल पौडेल उपाध्यायको बुहारी हरिशरण पौडेलको पत्नी पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ७ बस्ने **सम्झना शर्मा पौडेल** (ना.प्र.नं. : ५१-०१-७५-००३०८ जारी मिति र जिल्ला : २०७५/०२/०१, पर्वत)

**छ) कर्जा शिर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

छविलाल उपाध्यायको नाति हरिलाल पौडेल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **रेश्मीराज पौडेल** (ना.प्र.नं. : ५११०५०/६८९ जारी मिति र जिल्ला : २०६७/०६/०३, पर्वत)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) छविलाल उपाध्यायको नाति हिमकान्त उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **राम कृष्ण पौडेल** (ना.प्र.नं. : ५४४ जारी मिति र जिल्ला : २०४९/०७/१९, पर्वत)

२) ऋषि प्रसाद पाध्पाको छोरी हरिलाल पौडेल उपाध्यायको बुहारी हरिशरण पौडेलको पत्नी पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ७ बस्ने **सम्झना शर्मा पौडेल** (ना.प्र.नं. : ५१-०१-७५-००३०८ जारी मिति र जिल्ला : २०७५/०२/०१, पर्वत)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८०/०६/१८ को अभियान राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
२) मिति २०८१/०५/१७ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| हरिलाल उपाध्याय | पर्वत जिल्ला शिवालय वडा नं. १ | १ | ५५९ | २८४.१४ |
| | | | ९१५ | २४४.४० |
| | | | ५९० | ९५.३७ |
| | | | ५९१ | ३९.७४ |
| | | | ५६८ | २१४.५९ |

**शर्त बन्देजहरु :**
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८१/०९/२१ गते आइतबार भित्र यस बैकको शाखा कार्यालय कुस्मा आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८१/०९/२२ गते सोमबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय कुस्मामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## सेतो चिनीमा कालो खेल, किसानलाई झेल

हरेक वर्ष यही समय हो, उखु किसानको चिच्यावट हुने समय । कारण आफूले अत्यन्तै दुख गरेर उत्पादन गरेको उखु बिक्री गरेको भुक्तानी चिनी मिलका साहुहरूले नदिनु । उखु लिएर जाने, हरेक वर्ष उधारो लिने र वर्षौंसम्म नदिने । दिइहाले पनि थोरै दिने । यही परिपाटीमा चलिरहेका छन्, चिनी उद्योगहरू । ठूला नेताहरूसँगको आफ्नो पहुँच देखाएर किसानमारा नीति उनीहरूले वर्षौंदेखि लिइरहेका छन् ।

अमुक राजनीतिक दलको आडम्बरमा हजारौं किसानलाई करोडौं रूपैयाँ भुक्तानी नदिई लुकेर बसेजस्तै गर्ने गरेका छन् । सरकारी संयन्त्रमा बसेका कृषि, उद्योग, वाणिज्य वा अन्य मन्त्रालयले खासै चासो नदिएका कारण उखु किसानहरू आन्दोलनमा उत्रनुपरेको छ । यो पक्कै पनि कृषिप्रधान भनिएको देशका लागि शोभयमान भने होइन । हुन त किसानका लागि बोलिदिने संघसंगठन नभएर पनि होला । किसानका नाममा राजनीति गर्ने तर किसानका पक्षमा फिटिक्कै वकालत नगरिदिने हिजोदेखिकै तीतो सत्य हो । तर पनि हरेक वर्ष किसानहरू आफ्नो उत्पादनको भुक्तानी लिनका लागि रोइरहनुपर्ने ? सायद सत्तामा बस्ने वा कुर्सीमा बस्नेहरूले बुझेका छैनन् । ती वृद्ध किसानहरूका पछाडि कति जना परिवार भोकै परिरहेका छन् । कतिले विद्यालय जान पाइरहेका छैनन् ? कतिले औषधि खान पाइरहेका छैनन् ।

सरकारले साँच्चै नै पहल गर्ने हो भने प्रत्येक वर्ष किसानहरू यसैगरी रोइरहनुपर्ने अवस्था छैन । कृषिमा आत्मनिर्भर बन्ने सरकारको योजना यदि सफल बनाउने हो भने किसानमारा जो सुकैलाई पनि सरकारले कडाभन्दा कडा कारबाही गर्ने गरी कानुन ल्याउनु आवश्यक छ । किसानले उत्पादन गरेको कृषि उपज किसानहरूले उचित मूल्यमा बिक्री गरी भुक्तानी पाउनुपर्ने अवस्थाको सिर्जना गर्नु राज्यको दायित्व पनि हो । सधैं यसैगरी किसानहरू रुँदै आफ्नो पाउनुपर्ने भुक्तानी लिनका लागि भिख मागेजस्तै काठमाडौंका सडक–सडकमा आन्दोलन गर्नुपर्ने अवस्था आइरहने हो भने भोलिका दिनमा किसानहरूले कृषि पेसाबाट नै पलायन हुनुपर्ने अवस्था आउनसक्ने प्रस्ट देखिएको छ ।

त्यसै त युवा जनशक्ति सहर तथा विदेशतर्फ पलायन हुने क्रम तीव्र बनिरहेको छ । जसकारण गाउँहरू रित्तिदै गएका छन् । व्यावसायिक खेतीका कारण यहीं अडिएकाहरूलाई पनि लखेट्ने वातावरण आउन दिनु हुँदैन । श्रमिक निर्यात गरेर भित्रिएको रेमिटचान्समा रमाइरहेका शासकहरूको ध्यान कहिले पुग्ने खै !

मनन्योग्य

### चाणक्य नीति

त्रिनेत्र-सम्पूर्ण प्रयत्न विफल भइरहेछन् । चन्द्रगुप्तको कुरा मुखबाट निक्लिदै नागरिक आइलाग्छन् । सोच्दासोच्दै कसरी रात बित्यो, कतिखेर सूर्योदय भयो, थाहै भएन चाणक्य अधीर हुँदै यताउता टहल्दै थिए । चन्द्रगुप्त र त्रिनेत्र मात्र उत्कण्ठाले हेरिरहेथे । धेरै समयपछि अचानक उनको वाक्य फुट्यो, त्रिनेत्रलाई भने-'आँधी आउनुभन्दा पहिल्यै त्यसलाई रोक्नुपर्छ, तिमी व्यापारी, नागरिक, रेखदेख गर्ने, मदिरा बेच्ने आदि भेषमा र साधुका भेषमा समेत आफ्ना गुप्तचर लगाऊ । छिमेकी राज्यमा पनि विश्वस्त साथीहरूको जाल फैलाऊ, मिनेट मिनेटको खबर प्रत्येक रातमा मैले पाउनुपर्छ । अनि प्रजामा पनि यो समाचार फैलाऊ कि चन्द्रगुप्त धेरै परिश्रमले गर्दा अस्वस्थ छन्, अतः राज्याभिषेक केही दिनका निम्ति स्थगित गरिएको छ ।'

यो आदेश पाएर त्रिनेत्र हिंडे । महामात्य शकटारलाई बोलाई यही सूचनाको झ्याली पिटाउन निर्देशन गरे । त्यसपछि चाणक्यले चन्द्रगुप्तपट्टि फर्किंदै भने- 'देख्यौ तिमीले ! वास्तविक युद्ध अब हुन्छ । राक्षसको अनुपम बुद्धि-चातुर्यले पाइला-पाइलामा हाम्रा लागि षड्यन्त्र खडा गर्छ । यस किसिमको षड्यन्त्रमा विजय पाउन केवल बुद्धि र विवेकबाट मात्र सम्भव छ ।' एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ । सुनले बनेका दुई सिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने-सामने बसेका थिए ।

चाणक्यले सम्झाउँदै भने- 'अब शोक नगर, राज्यका लागि सचेत होऊ । राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ । यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हाँस्ने समय नै हुन्छ । जब धेरै रुन्छ वा हाँस्छ तब शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ ।'

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा हाँस्नु स्वाभाविक हो महात्मा !' 'होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन । शोक अर्काका लागि उपहास बन्छ, हर्ष आफ्ना लागि पीडादायक हुन्छ । अतः पत्थर (ढुंगा) जस्तै कठोर तिमीले बन्नुपर्छ ।'

# लोकतन्त्र र संघीयताको आयाम



■ मनोहर कार्की

राजनीतिक स्थिरता, कानुनी शासनको दिशामा राजनीतिक दल र राज्य सञ्चालक निकायको महत्वपूर्ण भूमिका रहन्छ । राजनीतिक दलले जनभावनालाई प्रतिविम्बित गर्न सकेनन् भने त्यस्ता दल तथा दलका सांगठनिक संरचनाले दीर्घकालमा राष्ट्रिय राजनीतिको मियो थेग्न हम्मेहम्मे पर्दछ । क्रियाशील तथा चलायमान राजनीतिक दलले जनभावनालाई प्रतिविम्बित गर्न सक्नुपर्दछ । कुनै पनि निर्वाचन त्यसको कसी हो । आवधिक निर्वाचनले राजनीतिक दल तथा दलका सदस्य अनि हित समूहलाई क्रियाशील तथा गध्यामत्कता दिन्छ ।

नेपाली जनताको लामो संघर्ष, आन्दोलन र राजनीतिक परिचालनको सोपानका रूपमा नेपालको संविधान २०७२ कार्यान्वयनमा छ । लोकतन्त्रको संस्थागत विकास र यसका आयामले जनजीविकाका सवाललाई सम्बोधन गर्न सकेको खण्डमा इतिहासप्रति न्याय हुने छ । राजनीतिक परिवर्तन र क्रान्तिसोपानमा योगदान दिने सबैको सम्मान र लोकतन्त्रको सफल मापन हुनसक्छ । मुलुक संघीयताको अभ्यासमा अभ्यस्त भएको पनि करिब एक दशक हुन लागेको छ । यसबीचमा तीन तहका सरकारले जनताका आवश्यकता र विकासका रूपान्तरणकारी परिणाममा केही छनक देखाएका छन् । संघीय शासन प्रणाली प्रयोग र अभ्यासमा अभ्यस्त गराउँदै जनजीविका र विकासमा जनसहभागितालाई मुखरित गर्दै आएको छ । स्थानीय तह जसले स्थानीय सरकारका रूपमा काम गर्दै आएका छन्, तिनका कार्यप्रणालीमा जनमुखी, उत्तरदायीबोध तथा पारदर्शितासहित विकासका आयामलाई अझ परिमार्जन आवश्यक छ ।

हामीले अभ्यास गर्दै आएको संघीय लोकतान्त्रिक शासन प्रणालीका केही सारभूत विशेषता रही आएका छन् । राज्यशक्ति, राज्य सञ्चालनका विधि र मान्यतामा सारभूत परिवर्तन ल्याएका छौं । सिंहदरबारको अधिकार गाउँगाउँसम्म पुर्‍याउने मूल ध्येयलाई करिब एक दशकको अभ्यासले केही हदसम्म रूपान्तरणकारी छनक दिन खोजेको छ । स्थानीयस्तरमा जनप्रतिनिधिमूलक संस्थाका क्रियाशीलता र सक्रियतामा उत्साह देखिएको छ । विकासलाई सामान्य जनमानसले बुझ्ने पाटोका रूपमा सडक, खानेपानी, विद्यालय शिक्षा, स्वास्थ्य सेवालगायतका विकाससँग जोडिएका क्रियाकलापमा जनताले अवश्य पनि अनुभूति महसुस गरेका छन् । नकारात्मक भाष्यले हाम्रो समाजमा जरो गाडेको छ । केही भएन, केही हुँदैन, सरकारको अनुभूति भएन भन्नेजस्ता अनर्गल प्रचारवाजी हिजोका टीके, धुपौरे र सत्ताका चाकरीबाजले निरन्तर गरिरहलान् । आजका सचेत जनता निकै कुरा बुझ्छन् र त्यसको प्रतिवाद गर्ने तागत पनि छ जनतामा ।

हामीले अपनाएको संघीय शासन प्रणालीका केही सारभूत विशेषता रहेका छन् । यसले शक्तिलाई निरन्तर विकेन्द्रित गर्ने हुँदा राज्य सञ्चालन, शक्ति र व्यवस्थापकीय अभ्यासमा सामान्य जनताको सहज पहुँच रहन्छ । कार्यशैली र कार्यसम्पादनका समूल पक्षमा प्रतिस्पर्धात्मक वातावरण रहने हुनाले प्रदेश-प्रदेशका बीचमा विकास कार्य र सेवा प्रदायकतामा पनि प्रतिस्पर्धाको सकारात्मक अभ्यासले निरन्तरता पाउँछ । जातीय, सांस्कृतिक, भाषिक, भौगोलिक विविधता र पहिचानको समान प्रतिनिधित्व र अवसरको संस्थागत विकास भएको छ । साथै, प्रचलित विधि र मान्यताअनुसार शक्ति सन्तुलन र नियन्त्रणका प्रायोगिकताकोसमेत संस्थागत विकास हुने प्रचुर सम्भावना रहन्छ ।

जनप्रतिनिधिमूलक संस्थाको जनताप्रतिको दायित्व र विकास तथा समृद्धिका आधारलाई आमजनताको सरोकारका रूपमा उजिल्याउने सत्प्रयासलाई बोधगम्यता दिन र गध्यात्मक विधि र प्रक्रियालाई संविधानका भावना र मर्मअनुसार उजागर गरिनु उक्तिसंगत कथन हुन सक्ला । विकास र रूपान्तरणका दिशामा सरकारको सेवा प्रवाहको गति तथा विकासका कदमबाट सरोकारवाला समूह तथा आमजनता सन्तुष्ट हुन नसकिरहेको तथ्यलाई मनन गरी फरक तथा गुणात्मक परिवर्तनको अनुभूति आमजनताका सञ्चार गर्नुपर्ने छ ।

लोकतन्त्र जनताको आस्था र धरोहर हो । जनताका प्रतिनिधिमूलक संस्थाको क्रियाशीलता र जनचाहना सम्बोधन गर्ने विकासलाई अघि बढाउन सके सही मानेमा लोकतन्त्र जनमुखी व्यवस्थामा रूपान्तरण हुनसक्छ । समृद्ध र बलियो अर्थतन्त्र निर्माणका लागि कृषिमा आधुनिकीकरण, भौतिक पूर्वाधारको विकास, पर्यटन र ऊर्जाको विकासका खाकाले निरन्तरको गध्यात्मकता पाउनुपर्दछ ।

स्थायित्व तथा लोकतन्त्रको जगका रूपमा रहेको स्थानीय तहको क्रियाकलाप तथा स्थानीय सरकारको काम गराइले अनुभूति दिनुछ । संघीय प्रणालीको सफल कार्यान्वयनको सवालमा वित्तीय सवलीकरण तथा पारदर्शिता अपरिहार्य छ । स्थानीय सरकारले जनताका आवश्यकता निहित वित्तीय र विकास नीति लागू गर्नुपर्दछ । विकास र सेवाप्रवाहमा गुणात्मकता आउन सकेमा परिवर्तन र संघीयताको महत्त्व उजागर हुने थियो । जनताले परिवर्तन र रूपान्तरणको स्थायी आयामको पैरवी गरिरहेको सन्दर्भमा जनप्रतिनिधिमूलक संस्था अझ जवाफदेही, उत्तरदायी तथा पारदर्शी हुन सकोस् ।

राजनीतिक स्थिरता, कानुनी शासनको दिशामा राजनीतिक दल र राज्य सञ्चालक निकायको महत्त्वपूर्ण भूमिका रहन्छ । राजनीतिक दलले जनभावनालाई प्रतिविम्बित गर्न सकेनन् भने त्यस्ता दल तथा दलका सांगठनिक संरचनाले दीर्घकालमा राष्ट्रिय राजनीतिको मियो थेग्न हम्मेहम्मे पर्दछ । क्रियाशील तथा चलायमान राजनीतिक दलले जनभावनालाई प्रतिविम्बित गर्न सक्नुपर्दछ । कुनै पनि निर्वाचन त्यसको कसी हो । आवधिक निर्वाचनले राजनीतिक दल तथा दलका सदस्य अनि हित समूहलाई क्रियाशील तथा गध्यामत्कता दिन्छ ।

हालै सम्पन्न स्थानीय तहको उपनिर्वाचनले मुख्य राजनीतिक दलको जनमतको सतहमा रही विश्लेषण गरेको छ । निर्वाचन जनताका निर्वाचित संस्थालाई जीवन्तता दिने आधार हुन् । जनता र लोकतान्त्रिक व्यवस्थाका मूल्य मान्यतालाई राजनीति, तिनका भर्तीकेन्द्र तथा राजनीतिक शक्तिकेन्द्रले मियोका रूपमा लिएर अघि बढे लोकतन्त्रको संस्थागत विकास हुनसक्छ । जनता र जनताका संगठनका बीचमा गतिलो सहकार्य निर्माण गर्न सकिएको खण्डमा लोकतन्त्रको संस्थागत विकासले अभ्युत्थान हुने अवसर प्राप्त गर्दछ । त्यसको बलियो आधार स्थानीय तह र तिनको परिचालन हो । संविधानमा अन्तरनिहित जनमुखी जनउत्तरदायी सरकारको संस्थागत विकासतर्फ हाम्रा राजनीतिक संस्कृतिले गध्यात्मकता लिनुपर्दछ ।

लोकतन्त्रको भन्नु नै स्वतन्त्रता, फरक विचार र मान्यताको अनुकूल वातावरणको सिर्जना हो । चलन र अभ्यासमा संवैधानिक तथा कानुनी प्रत्याभूति दिन सक्नुपर्दछ । प्रेस स्वतन्त्रता, विधिको शासन, बहुलवाद तथा मानवअधिकारका आधारभूत मान्यतालाई उच्च प्राथमिकता दिनुपर्दछ । कानुन र विधिले सवलीकरण गरिनु आवश्यक छ । जसले संघीय लोकतन्त्रिक गणतन्त्रको संस्थागत विकासमा कोसेढुंगा सावित हुनसक्छ ।

# सरकारी कर्मचारीप्रति सर्वसाधारणको असन्तुष्टि

■ अनुसा थापा

कामकाज छोडेर एकैठाउँ भेला हुन्छन्, राजनीतिक गफगाफ गर्छन् । बदाम र सुन्तला छोडाएर खान्छन् । सेवाग्राहीको काम गर्नुपरेमा तिनको दाँतबाट पसिना आउँछ । यो–त्यो कानुनी बाधा देखाउँछन् । तर, जब घूस दिइन्छ, तब कानुनले कुनै बाधा पुयाउँदैन । घूस पाएपछि जस्तोसुकै काम गर्न कानुनले छेकबार गर्दैन । जनताको संघर्षको बलमा देशमा लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था आएको छ ।

सरकारी कर्मचारीलाई सर्वसाधारणले हेर्ने दृष्टि नकारात्मक छ । सर्वसाधारणको नजरमा सरकारी कर्मचारी 'राजनीतिक दलको झोले र घूसखोरी' हुन् । सरकारी कर्मचारीले यो छवि आफैंले बनाएका हुन् । जनताको काम छिटोछरितो नगर्ने, सरकारले निःशुल्क दिएको सेवाका लागि पनि घूस माग्ने, कार्यालयमा पार्टीका कुराकानी गरेर बस्ने प्रवृत्तिका कारण सरकारी कर्मचारीप्रति सर्वसाधारणको वितृष्णा बढ्दै गएको छ ।

सरकारले सरकारी कर्मचारीलाई 'राष्ट्रसेवक' भन्छ । तर, जनताले भने तिनलाई पार्टीका कार्यकर्ता भन्छन् । जनताले तिरेको करबाट उनीहरूले तलबभत्ता खाएका छन् । त्यही करबाट लुगा लगाएका छन्, सरकारी गाडी चढेका छन् । भोलि पेन्सन खाने पनि जनताले तिरेको करबाटै हो । यद्यपि, जनताको काम गर्नमा उनीहरूको रट्टीभर पनि दिलचस्पी छैन । जाडोमा हिटर र गर्मीमा फ्यानको तल बस्छन्, कार्यालयको फोनबाट घण्टौं आफन्तसँग कुराकानी गर्छन् ।

कामकाज छोडेर एकैठाउँ भेला हुन्छन्, राजनीतिक गफगाफ गर्छन् । बदाम र सुन्तला छोडाएर खान्छन् । सेवाग्राहीको काम गर्नुपरेमा तिनको दाँतबाट पसिना आउँछ । यो-त्यो कानुनी बाधा देखाउँछन् । तर, जब घूस दिइन्छ, तब कानुनले कुनै बाधा पुयाउँदैन । घूस पाएपछि जस्तोसुकै काम गर्न कानुनले छेकबार गर्दैन । जनताको संघर्षको बलमा देशमा लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था आएको छ ।

जनताका छोराछोरी सहिद बनेर ल्याएको व्यवस्थामा राजनीतिक दल र सरकारी कर्मचारीको मोजमस्ती चलेको छ । एउटा सानो कामका लागि जनता महिनौं दिन सरकारी कार्यालय धाउँछन् । तैपनि घूस नपाएसम्म कर्मचारीले गर्दैनन् । जनतालाई दुःख दिएर, थकाएर पैसा झार्ने सरकारी कर्मचारीको आनीबानी कहिल्यै नसुध्रिने नै भयो । विडम्बना, त्यस्ता कर्मचारीलाई राजनीतिक दलकै संरक्षण छ ।

रोचक कुरा के हो भने कर्मचारीलाई घूस खाऊ भनेर सिकाउने राजनीतिक दल नै हुन् । सरकारी कर्मचारीहरू कुनै न कुनै राजनीतिक दलको संगठनमा आबद्ध छन् । पार्टीलाई उनीहरूले लेबी तिर्छन् । त्यो पैसा कहाँबाट आउँछ ? सेवाग्राहीबाट । सेवाग्राहीबाट घूस लिने, केही आफू राख्ने, केही पार्टीलाई पोस्ने । सरुवा, बढुवा गर्न यहाँ ठूलो पैसाको चलखेल हुन्छ ।

पैसा पाउनेबित्तिकै कर्मचारीले चाहेको ठाउँमा सांसद, मन्त्रीलगायतले सरुवा गरिदिइहाल्छन् । राजनीतिक दलकै कारण कर्मचारीले घूस खान सिके । देशमा भ्रष्टाचार मौलायो । पैसा नहुनेले सरकारले निःशुल्क भनेको सेवासुविधा पनि नपाउने भए । सरकारी कर्मचारीहरूले अहिले विभिन्न ट्रेड युनियन खोलेका छन् । कर्मचारीको हकहितका निम्ति भनेपनि ती संगठन पार्टीसम्बद्ध हुन्छ ।

सरकारलाई घुँडा टेकाउनका लागि ती संगठन खोलिएको छ । जबकि सरकारी कर्मचारीले राजनीतिक पार्टीको सदस्यता लिन नपाउनुपर्ने हो । उनीहरू अहोरात्र राष्ट्र र जनताको सेवामा खटिनुपर्ने हो । दुर्भाग्य, सरकारी कर्मचारी गलत ट्र्याकमा हिँडिदिए । कर्मचारीहरूले निष्ठापूर्वक आफ्नो दायित्व निर्वाह नगर्दा जनताहरू निराश बन्दै गएका छन् । आज उनीहरू जनताको आँखामा बिजाएका छन् ।

कर्मचारीहरूको कारणले जनताले निकै कष्ट गरेर ल्याएको व्यवस्था नै संकटमा पर्ने देखिएको छ । व्यवस्था राम्रो तर टिकाउने व्यक्तिहरू नराम्रो । कर्मचारीहरू बढी बढी सेवासुविधा खोज्छन् । त्योअनुसार प्रतिफल पनि दिन सक्नुपर्‍यो नि ! बिहान १० बजेको ठाउँमा १२ बजे कार्यालय आउँछन् । सेवाग्राही बिहानै लाइन लागेर बसेका हुन्छन् । उनीहरूको कारणले सेवाग्राहीले दुःख पाए ।

बेलुका ५:०० बजेसम्म ड्युटी गर्नुपर्ने कर्मचारी २:०० बजे नै टाप कस्छन् । त्यही कामका लागि सेवाग्राही पुनः भोलि आउनुपर्ने हो । अर्को दिन आए पनि काम हुने हो या होइन ? टुंगो हुँदैन । सरकारले हरेक वर्ष निजामती सेवा दिवसका अवसरमा राम्रा कर्मचारीलाई पुरस्कृत गर्छ । सरकारले उत्कृष्ट कर्मचारी त पाउन सकेको छैन । तर, पुरस्कार पाउनेहरू पनि त्यसको हकदार देखिँदैन ।

कामभन्दा पनि ती कर्मचारीको पहिले सम्पत्तिको मूल्यांकन गर्यौं । कति सम्पत्ति कमाएको रहेछ ? त्यहीबाट ऊ पुरस्कार पाउन योग्य छ कि छैन भन्ने पुष्टि हुन्छ । कर्मचारीहरू यतिसम्म लाज नभएका भए कि, एउटै कार्यालयमा लामो समय बसिसकेका कर्मचारी अन्यत्र सरुवा गरिएको विरोधमा आन्दोलनमा उत्रिएका छन् । यस्ता त कर्मचारी छन् ! हुन त सरकारकै कुरा सुन्न छोडिसके, सेवाग्राहीको के सुन्थे ।

दुःख लाग्दो कुरा के हो भने त्यस्तै कर्मचारीको गुनगान गाएर सञ्चारमाध्यमहरूले समाचार छापिरहेका हुन्छन् । एउटा राष्ट्रिय दैनिकको दोस्रो पृष्ठमा दिनहुँ सरकारी कर्मचारीको गुनगानसहितको समाचार प्रकाशित हुन्छ । उनीहरूको गुनगान होइन, उनीहरूले गरेको भ्रष्टाचारको खोजी गरेर समाचार छाप । त्यो सरकारी कर्मचारीको गुनगान गाउनुको साटो जनताको आवाजलाई त्यहाँ ठाउँ दिइदिए कति राम्रो हुने थियो ।

हुन त यहाँ जनताको आवाज लेख्न कसले नै चासो देखाउँछ र ? जनताबाट के पाइन्छ र ? भन्ने सोच सञ्चारकर्ममा पनि हाबी भएको देखिन्छ । महिला कर्मचारीहरू बच्चा लिएर कार्यालय पुग्छन् । सञ्चारमाध्यमहरू आफ्नो सन्तानसहित सेवामा खटिँदै भनेर समाचार लेख्छन् । तर, त्यसले जनताको काममा कति प्रभाव परेको छ ? यो विषयमा कसले कलम चलाउने ?

सरकारी कर्मचारीले छोराछोरी राम्रो स्कुलमा पढाएका छन्, कसरी ? सरकारले दिएको तलबले खान, बस्न, लाउन, छोराछोरी पढाउन, त्यहीँमाथि राजधानीजस्तो ठाउँमा जग्गा किनेर घर बनाउन धान्छ ? सरकारी कर्मचारीमाथि सरकारले गरेको लगानी 'वालुवामा पानी' हालेसरह भयो । जनताले गाँस कटाएर कर तिरेका छन् । चर्को घाममा मरिमरि खटिएर रेमिटचान्स पठाएका छन् ।

त्यो पैसाको दुरूपयोग भयो भयो, साथै वैदेशिक ऋण पनि खेर गयो । सरकारले सरकारी कर्मचारीहरूलाई थितिमा राख्न नयाँ कानुन बनाउन आवश्यक भइसकेको छ । कर्मचारीहरू आफूलाई लोकतन्त्र गणतन्त्रको 'राजा' ठान्छन् । जनताको मतबाट चुनिएर गएका सांसदहरूले जनताको मतको सम्मान गर्नुपर्छ । सांसदहरू जनताप्रति जवाफदेही हुनुपर्छ । जनता सरकारी कर्मचारीबाट आजित भइसकेका छन् ।

उनीहरूलाई कसरी ठाउँमा ल्याउने हो ? यो सरोकारवालाको काम हो । काम नगर्ने सरकारी कर्मचारीमाथि सरकारले राज्यको ढुकुटी पानीझैं बगाएको छ । यो क्रमको अन्त्य हुन आवश्यक छ । सरकारले सरकारी कर्मचारीको सम्पत्ति पनि छानबिन गर्नुपर्छ । बहालवाला होस् या पेन्सनवाला जम्मै भ्रष्टाचारी देखिन्छ । कर्मचारीहरूको तलबभन्दा पनि बढी खर्च छ । तैपनि उनीहरूले दरबारजस्तो घर ठडयाएका छन् ।

सरकारले सम्पत्ति खोज्ने हो भने एउटा पनि उम्किँदैनन् । उनीहरू सबै कानुनको दायरामा आउनुपर्छ । तर, सरकारसँग त्यति आँट छैन । आफ्नै कार्यकर्ता जो छन् । साँच्चै नै देश बनाउने हो भने पहिले त कडा कानुन बनाऊ । त्यसलाई कार्यान्वयन गरौं । घूसखोरीहरूलाई जेल कोचौं ।

# ब्राह्मण समुदायका महिलाले पनि सिक्दै छन् नौमती बाजा



**इलाम–** यहाँको रोङ गाउँपालिकाले महिलालाई व्यावसायिक बनाउन र लोक संस्कृतिको जगेर्ना गर्न नौमती बाजा बजाउन सिकाइँदै छ । कुनै समय दलित समुदायले मात्र बजाउनुपर्छ भनिएको नौमती बजाउन यहाँ ब्राह्मण, क्षेत्री समुदायका महिलाले पनि तालिम लिँदै छन् । बाजालाई महिलाको क्षमता विकास र आर्थिक अवस्था सुधार गर्ने अवसरका रूपमा सदुपयोग गर्न यस्तो गरिएको गाउँपालिकाका अध्यक्ष मणिकुमार स्याङ्बोले बताए ।

यही पुस ४ गतेदेखि १५ जनालाई नौमती बजाउने तालिम दिन सुरु गरिएको छ। पुरातानवादी सोच हटाएर लोप हुन लागेको संस्कार, संस्कृतिको जगेर्ना गर्न तालिम आयोजना गरिएको गाउँपालिकाका अध्यक्ष स्याङ्बोको भनाइ छ । 'महिलाको क्षमता विकास, व्यावसायिक बनाएर आर्थिक रूपमा सबल बनाउन तालिमले सहयोग गर्छ भन्ने हाम्रो अपेक्षा हो,' अध्यक्ष स्याङ्बोले भने, 'लोप हुँदै गएका संस्कार, संस्कृति, नौमती, संगिनीलगायत लोकबाजा संरक्षण गर्नु सबैको दायित्व हो ।'

सुरूका दिनमा बाजा बजाउँदै हिँड्दा साउती गर्दै कुरा काट्नेले अहिले प्रशंसा गर्ने गरेको तालिममा सहभागी गीता कट्टेलले बताइन्। 'ब्राह्मण महिलाले नौमती छुन हुँदैन भन्ने समाजले हामीलाई कहिलेकाही व्यंग्य गरे तर सीप सिक्न छोडेका छैनौं,' उनले भनिन्, 'अब त सीपलाई व्यावसायिकता दिने आत्मबल बढेको छ ।'

विभेदका कुराले समाजमा एकता नआउने भन्दै नौमतीलाई सबैको साझा लोकबाजाको रूपमा स्थापित गर्न तालिम लिएको अर्की प्रशिक्षार्थी भीमा भट्टराई (अर्याल) को भनाइ छ। 'अब पुरानो मान्यता राखेर हुँदैन, हामीले नौमतीलाई हाम्रो आयस्तरसँग जोड्नुपर्छ,' उनले भनिन्।

स्थानीय रामबहादुर दर्जीले विगतमा नौमती बजाउँदा विभेद गर्ने समुदायले नौमतीलाई साझा लोक संस्कृतिको रूपमा स्वीकार्न थालेकामा खुसी व्यक्त गरे । उनले भने, 'यसरी सबैको सोचमा परिवर्तन आएमा मात्र विभेदरहित समाज निर्माणमा सघाउ पुग्छ ।'

तालिम पुस १३ गतेसम्म सञ्चालन हुने छ । रोङ संगिनी समूहको मागअनुसार महिलाको आयमा सुधार गर्न पहिलो चरणमा १५ जनालाई तालिम दिइएको महिला तथा बालबालिका शाखा प्रमुख राधिका तामाङले बताइन्। उनका अनुसार तालिमको सहजीकरण झापाको विर्तामोडस्थित माता पाथिभरा नौमती बाजा ट्रेनिङ सेन्टरका प्रशिक्षक तारादेवी आचार्य र टीकादेवी प्रसाईंले गरिरहेका छन्। नौमती बाजामा झ्याली, ट्याम्को, ढोलक, नरसिंगा, दमाहा, सानो दमाहा, बाउँताल, सहनाइ र कर्नाल रहेका छन्। *रासस*

# पाँच महिनामा १२ वटा गैँडा मृतावस्थामा भेटिए



**चितवन (प्रस)–** चितवन राष्ट्रिय निकुञ्ज तथा यस आसपासका मध्यवर्ती क्षेत्रमा चालु आर्थिक वर्षको पाँच महिनामा १२ वटा गैँडा मृतावस्थामा भेटिएका छन् । निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार मृतावस्थामा भेटिएकामध्ये चार भाले र पाँच वटा पोथी रहेका छन्। तीमध्ये एउटालाई विद्युतीय करेन्ट लगाएर मारिएको अवस्थामा भेटिएको हो । मृत भेटिएका गैँडामध्ये तीन वटाको लिंग पहिचान हुन नसकेको उनले बताए ।

यस्तै सोही अवधिमा एक वटा बाघ मृतावस्थामा भेटिएको छ । गत मंसिर १६ गते अमलटारी सेक्टरअन्तर्गत नन्दपुर घाटमा बाघसँग जुधेर अन्दाजी छ वर्षको बाघ मरेको उनले जानकारी दिए। यसैगरी पाँच महिनाको अवधिमा गैँडाको आक्रमणबाट दुई जनाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन् । मृत्यु भएका दुवै जना नवलपुर बर्दघाट सुस्तापूर्वका रहेको उनले बताए ।

निकुञ्जभित्रको अवैध गतिविधि नियन्त्रण गर्ने क्रममा १५० जनालाई नियन्त्रणमा लिई आवश्यक कारबाही गरेको जनाएको छ। गैँडा मारेर खाग तस्करी गरेको आरोप, बाघसम्बन्धी कसूर, अनुमतिविना बँदेल पाल्ने, विनाअनुमति निकुञ्जमा घाँस दाउरा काट्ने, माछा मार्ने, निउरो टिप्नेलगायत काममा सहभागी भएका उनीहरूलाई पक्राउ गरी कारबाही गरिएको सूचना अधिकारी थापामगरले जानकारी दिए ।

## बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८१।१०।०७ (22nd December, 2024)

यस बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८१।०७।२७ गते राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना मार्फत आह्वान गरिएको तपसिलको ठेक्कामा दाखिला भएका बोलपत्रहरु मध्ये सबैभन्दा न्यूनतम बोलअंक कबोल गर्ने र सारभूत रुपमा प्रभावग्राही देखिन आएको तपशिल बमोजिमको बोलपत्र स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सम्पूर्ण बोलपत्रदाताहरुलाई स्वीकृतिको आशयको सूचना जानकारीका लागि प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.स. | ठेक्का न. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मुल्य अभिबृद्धि कर बाहेक) |
|---|---|---|---|---|
| १. | BM/MOR/G/NCB-04-2081-82 | Supply and Delivery of Chemical and Lab Items (Slice – 1) | श्री नेश्नल सर्जिकेम सप्लायर्स बिराटनगर | रू. ६,१९,३५३.०० (अक्षरेपी छ लाख उन्नाईस हजार तीन सय त्रिपन्न रुपैया मात्र) |
| | | Supply and Delivery of Chemical and Lab Items (Slice – 2) | | रू. ३,७९,६८०.०० (अक्षरेपी तीन लाख उनासी हजार छ सय अस्सी रुपैया मात्र) |
| | | Supply and Delivery of Chemical and Lab Items (Slice – 6) | | रू. ४१,७८,७४०.०० (अक्षरेपी एकचालिस लाख अठहत्तर हजार सात सय चालिस रुपैया मात्र) |

प्रमुख प्रशासकीय अधिकृत

# शुक्लाफाँटाको दुर्गम क्षेत्रमा प्रहरीचौकी स्थापना गर्न माग

**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिकाका दुर्गम क्षेत्रका वडामा प्रहरीचौकी स्थापनाको माग गरिएको छ । वडा नं ७, ८ र ६ लाई समेट्ने गरी प्रहरीचौकी स्थापना गर्न स्थानीय बासिन्दाले माग गरेका हुन् ।

'चोरी एवं आपराधिक घटना बढ्दै गएकाले प्रहरी पोस्टको स्थापना हुन जरुरी छ,' शुक्लाफाँटा-७ का वडा सदस्य केशव ठगुन्नाले भने, 'चार बढी घरमा एकै पटक चोरी भएको छ, प्रहरीचौकी भएको भए त्यो रोकिन्थ्यो ।' पायक पर्ने ठाउमा प्रहरीचौकी स्थापना हुनुपर्ने उनको भनाइ रहेको छ ।

शुक्लाफाँटा-१२ का वडाध्यक्ष नवलसिंह रानाले वडा नं १ मा स्थापना गरिएको प्रहरीको अस्थायी पोस्टलाई स्थानान्तरण गरी वडा नं १ र १२ को बीचमा पर्ने गरी राख्नुपर्ने सुझाव दिए । स्थानीय बासिन्दाको मागलाई मध्यनजर गर्दै वडा नं ७ र ८ का बीचमा प्रहरीचौकी राख्नेबारे नगर कार्यपालिकाबाट निर्णय गरी जिल्ला सुरक्षा समितिमा पठाइएको नगरप्रमुख रणबहादुर महराले बताए ।

'प्रहरीचौकीको त्यस ठाउँमा निकै आवश्यक छ,' उनले भने, 'टाढाको क्षेत्र भएकाले प्रहरी पुग्न निकै समय लाग्छ, त्यस बेलासम्म अपराध गर्नेहरू फरार हुन्छन्, शान्ति सुरक्षा कायम राख्नका लागि प्रहरीचौकीको अत्यन्त खाँचो छ ।' जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक चक्रराज जोशीले प्रहरीचौकी राख्नेबारे जिल्ला सुरक्षा समितिको बैठकबाट निर्णय गरेर गृह मन्त्रालयमा पठाइएको बताए ।

उनले वडा नं १ र १२ मा प्रहरी पोस्टलाई स्थानान्तरण गरेर राख्नुपर्नेबारे बुझेर कार्य अगाडि बढाइने बताए । *रासस*

# कर्णाली नदी क्षेत्रमा आइपुगे लक्ष्मण सारस



**कञ्चनपुर–** कर्णाली नदीको तल्लो तटीय क्षेत्रमा आगन्तुक लक्ष्मण सारस आइपुगेका छन्। कैलालीको टीकापुर नगरपालिकाको श्रीलंका टापुस्थित नदीको तटीय क्षेत्रमा लक्ष्मण सारस शनिबार देखापरेका हुन् ।

चार वर्षदेखि निरन्तररूपमा यो प्रजातिको सारस कर्णाली नदीको तटीय क्षेत्रमा देखापर्दै आएको नेपाल पन्छी संरक्षण संघ (बिसिएन) का चरा विज्ञ हिरूलाल डगौराले बताए । नेपालमा पाइने चार प्रजातिका सारसमध्ये लक्ष्मण सारस आगन्तुक प्रजाति रहेको छ । सन् २००६ मा पहिलोपटक यो प्रजातिको सारस भजनीको मन्त्रीफाँटामा देखापरेपछि अभिलेखीकरण गरिएको थियो । त्यसको १८ वर्षपछि मात्रै यो प्रजातिको सारस देखापरेको थियो ।

सन् २०२१ देखि हिउँदयाममा लक्ष्मण सारस निरन्तररूपमा देखापर्दै आएको चराविज्ञ डगौरा बताउँछन् । उनका अनुसार समूहमा रहने भएकाले यसलाई सामाजिक पन्छीका रूपमा चित्रण गर्ने गरिन्छ । साइवेरियालगायत उत्तरी ध्रुवमा चिसो बढेसँगै नेपाल, भारत, पाकिस्तानलगायत गर्मी हुने तराई क्षेत्रमा बसाइँ सर्ने यो पन्छी नेपालका महाकाली, कर्णाली, कोशी, नारायणी, राप्तीलगायत नदी तटीय क्षेत्रमा देख्न सकिन्छ ।

कहिलेकाहीँ कञ्चनपुरका सनवोरा, स्यालीलगायत नदी तटीय क्षेत्रमा पनि यस प्रजातिको सारस देखापर्ने गरेको चरा संरक्षणकर्मी सुवन चौधरीले बताए । गत वर्ष स्याली नदीको बगरमा सयौंको संख्यामा लक्ष्मण सारस देखापरेको उनले उल्लेख गरे । यसलाई अंग्रेजीमा कमन क्रेन (ग्रस ग्रुस) भन्ने गरिन्छ । सारस प्रजातिमध्ये यो मध्यम आकारको रहेको छ। यसको शरीरको तौल औसत चारदेखि पाँच किलोग्रामसम्म र शरीरमा रहेका प्वाँखको रङ खरानी किसिमको हुन्छ । यस्तै, टाउकोमा कालो, रातो र आँखाको पछाडिबाट माथिल्लो भागसम्म फैलिएको सेतो धर्कासहित कालो रङको हुन्छ । यस चराले साइवेरियालगायत ठाउँका ताल तलैया, सीमसार क्षेत्रमा प्रजनन गरी बच्चा कोर्लने गरेको चराविज्ञहरूको भनाइ छ ।

उत्तरी ध्रुवमा हिमपात भएपछि अनुकूल मौसम, सुरक्षित बासस्थान र चरनको खोजीमा यो प्रजातिको सारस बर्सेनि नेपाल हुँदै भारत र श्रीलंकातर्फ जाने गरेको चराविज्ञ डंगौराले बताए । सोही क्रममा ती चराहरू अनुकूल स्थान पाएमा नेपालमा पनि बस्ने गरेका छन् । 'सारसलाई सिमसार क्षेत्रको सूचक प्रजाति मान्ने गरिन्छ । सारसको उपस्थितिले सिमसार क्षेत्र र पारस्थितीय प्रणाली स्वस्थ रहेको बुझाउने गर्दछ,' उनले भने, 'यी चराले सर्पको संख्या नियन्त्रण गर्नुका साथै कृषिबालीका लागि हानिकारक शंखेलगायतका अन्य प्रजातिका कीरा खाएर अन्न उत्पादनमा सहयोग गर्ने गरेका छन् ।'

यसका साथै बाघ, चितुवाजस्ता हिंस्रक जनावर नजिक आउन लागेमा सारसले कराएर जानकारी दिने र आक्रमण हुनबाट जोगाउने गरेको पनि जानकारहरू बताउँछन् । गर्मी सुरु हुन थालेपछि चैतअघि नै सारस पुरानै बासस्थानमा फर्कने गरेका छन् । *रासस*

## हलेसी तुवाचुङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दुर्छिम, खोटाङ
कोशी प्रदेश, नेपाल

खोटाङ जिल्लाको हलेसी तुवाचुङ नगरपालिकामा स्थित दूधकोशी र सुनकोशी खोला तोकिएको क्षेत्रबाट ढुङ्गा, गिटी तथा बालुवा संकलन/उत्खनन कार्यका लागि प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनवाई कार्यक्रमको सूचना

(प्रकाशन मितिः २०८१/०९/०७ गते )

| | | |
|---|---|---|
| **प्रस्तावको नाम र ठेगाना** | **नाम** : हलेसी तुवाचुङ नगरपालिका<br>**ठेगाना** : दुर्छिम, खोटाङ<br>**इमेल** : tuwachung.mun@gmail.com | |
| **प्रस्तावको व्यहोरा** | दूधकोशी र सुनकोशी खोलाको तोकिएको क्षेत्रबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) उत्खनन तथा संकलन | |
| **प्रभाव पर्ने सम्भाव्य क्षेत्र** | हलेसी तुवाचुङ नगरपालिका वडा न. १ ,४ ,६,९ र ११ | |
| **सार्वजनिक सुनवाई हुने स्थान र मिति** | मिति : २०८१/०९/२१ समय : दिनको १० बजे | स्थान : वडा न. १ को कार्यालय |
| | मिति : २०८१/०९/२२ समय : दिनको ११ बजे | स्थान : वडा न.४ को कार्यालय |
| | मिति : २०८१/०९/२३ समय : दिनको ११ बजे | स्थान : वडा न. ६ को कार्यालय |
| | मिति : २०८१/०९/२४ समय : दिनको ११ बज | स्थान : वडा न. ९ को कार्यालय |
| | मिति : २०८१/०९/२५ समय : दिनको ११ बजे | स्थान : वडा न. ११ को कार्यालय |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिक प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीहरू बीच सकारात्मक तथा नकारात्मक प्रभावहरू बारे अध्ययन गर्न आवश्यक भएकोले यस कार्यका लागि सर्वसाधारणमा देहायको इमेल वा फोन मार्फत अथवा यो सूचना प्रकाशित मितिले **१५ दिन** भित्र देहायको ठेगानामा लिखित राय/सुझाव पेश गर्न अनुरोध गरिन्छ ।

| | |
|---|---|
| **प्रस्तावको नाम र ठेगाना** | **नाम** : हलेसी तुवाचसङ नगरपालिका<br>**ठेगाना** : दुर्छिम, खोटाङ<br>**इमेल** : tuwachung.mun@gmail.com<br>**मो.न.** : |
| **परामर्शदाताको नाम र ठेगाना** | **अन्नपुर्ण कुन्ज इन्जिन्यरिंग कन्सलटेन्सी प्रा. लि.**<br>**सिरहा -१०**<br>**मो.न. :** ९८१२३९९२०० ,९८४२८२७१८८ |

प्रभाव दैनिक

## रूपशाला

### फागुन २९ बाट सुशीलको 'आउटलः दफा २१९'

गत असोजको ३ गतेबाट पोष्टपोन्ड भएको फिल्म 'आउटलः दफा २१९' को प्रदर्शन मिति तय भएको छ । फिल्म अब फागुपूर्णिमाको अवसर पारेर फागुनको २९ गतेबाट नेपालभर रिलिज हुने निर्माण युनिटले जनाएको छ । विक्की महर्जनको निर्देशन तथा अमित अग्रहरिको निर्माणमा तयार भएको यो फिल्मको नयाँ पोष्टर पनि सार्वजनिक गरिएको छ । पोष्टरमा नायक सुशील श्रेष्ठको देखिएका छन् । फिल्ममा सुशीलको साथमा शिक्षा संग्रौला, नरेश पौडेल, सुमन भण्डारी, सोनी लगुनको अभिनय छ । विनोद कठायत कार्यकारी निर्माता रहेको यो फिल्ममा विकास चौधरी सह-निर्माताको रुपमा छन् ।



आइतबार, ०७ पुस २०८१ (Sunday, December 22, 2024)

# एसएसपी भट्टराईले ल्याए 'दृश्य प्रलेख' कथासंग्रह



■ प्रभाव संवाददाता

**काठमाडौं–** मधेश प्रदेश प्रहरी तालिम केन्द्र (सम्पर्क कार्यालय) राजविराजका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) गोपालचन्द्र भट्टराईको कथा सङ्ग्रह 'दृश्य प्रलेख' सार्वजनिक भएको छ। शनिबार यहाँ आयोजित कार्यक्रममा प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर, वरिष्ठ प्रहरी अधिकृत र वरिष्ठ साहित्यकारलगायत सहभागीले संयुक्त रूपमा उक्त कथा सङ्ग्रहको विमोचन गरे ।

समारोहलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक कुँवरले कर्तव्य पालनाका सिलसिलामा देखेका, भोगेका विषयवस्तुलाई कृतिमा समावेश गरिएको बताउँदै लेखकको मेहनत र सिर्जनशीलता प्रसंशनीय रहेको उल्लेख गरे। उनले समाजमा व्याप्त विकृति र विसङ्गतिप्रति तिखो प्रहार भएको यस कृतिले सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गरे ।

प्राज्ञ अमर न्यौपानेले कथाको पात्र र परिवेशमा 'प्राण तत्व' भर्न लेखक सफल भएको जनाउँदै कथामा मर्मस्पर्शी ढङ्गबाट विषयको प्रस्तुति गरिएको उल्लेख गरे। प्रहरी सङ्गठनभित्र पनि लेखक हुँदा रहेछन् भन्ने यस कथा सङ्ग्रहले स्पष्ट पारेको उल्लेख गर्दै उनले पात्र र परिवेशको छनोटले कथावस्तुलाई आकर्षक बनाएको टिप्पणी गरे । लेखक एवं समीक्षक राजकुमार बानियाँले कथा सङ्ग्रह अध्ययन पछि जाज्वल्यवान लेखक प्रहरी सङ्गठनभित्र कसरी लुकेर रहेका रहेछन् भन्ने आफूले अनुभूति गरेको बताए । मार्मिक, सुन्दर र प्रभावकारी ढङ्गबाट लेखिएका यी कथाले सर्जकलाई सिद्धहस्त लेखकको पहिचान दिएको उनले उल्लेख गरे ।

समीक्षक सुमन वर्षाले दृश्य प्रलेख समकालीन सयमलाई प्रतिविम्बित गरिएको कथा सङ्ग्रह रहेको बताए । 'प्रस्तुत कथा उत्तर आधुनिकतातर्फ उन्मुख छन्, पात्रका माध्यमबाट निर्माण गर्न खोजिएका संसार मौलिक र नयाँ छन्', उनले भने । प्रहरी नायब महानिरीक्षक (डिआईजी) रवीन्द्र केसीले व्यक्ति र समाजका अन्तरसम्बन्ध तथा मानवीय संवेदनालाई आफ्ना रचनामा प्रकट गरेर लेखक भट्टराईले मानवीय जीवनका कथा, व्यथालाई मार्मिक ढङ्गबाट प्रस्तुत गर्नुभएको बताए । 'यो कृति पुस्तकको भीडमा पुस्तक मात्रै हुनेछैन, नेपाली साहित्यिक क्षेत्रमा ओजस्वी ग्रन्थका रूपमा रहनेछ', लेखक समेत रहेका डिआईजी केसीले भने ।

कथाकार भट्टराईले सामाजिक, सांस्कृतिक र पारिवारिक परिवेशका विषयवस्तुलाई कथामा उतारिएको जानकारी दिँदै अधिकांश कथामा आफैँले देखे, भोगेका सुख, दुःख, उकालीओराली र अँध्याराउज्याला पक्षलाई समावेश गरिएको बताए । शिखा बुक्सले प्रकाशनमा ल्याएको उक्त कथा सङ्ग्रहमा 'डण्डिफोर', 'पाप धर्म', 'लकडाउन', 'चोर पुलिस', 'इबोला', 'दसैँको लुगा', 'विद्रोह', 'पराजित गमन'लगायत १७ वटा कथा सङ्गहित छन्। दुई सय ४८ पृष्ठको सो कथा सङ्ग्रहको मूल्य रु पाँच सय ५५ राखिएको छ।

## गायिका तामाङको पुण्यस्मृति दिवस

**धरान (प्रस)–** ठाडो एवं ढिलो भाकाकी वरिष्ठ गायिका धनमाया तामाङको २० औं पुण्यस्मृति दिवसका अवसरमा विभिन्न कार्यक्रम गरिएको छ। शुक्रबार इटहरी सङ्गीत साधना प्रतिष्ठान नेपालको सभाहलमा साङ्गीतिक कार्यक्रको आयोजना गरी उहाँको योगदानको सम्झना गर्दै स्मृति दिवस मनाइएको हो।

धनमायाको पुण्यतिथिको अवसरमा शुक्रबार उनका रचना र गीतहरूलाई गाएर उनीप्रति श्रद्भाव अर्पण गरिएको सङ्गीत साधना प्रतिष्ठान इटहरीका महासचिव राजु केसीले बताए। उनले भने, 'उहाँको पुण्यतिथिको अवसरमा आठवटा गीत प्रस्तुत गरिएको थियो भने उहाँको जीवनीबारे छलफल र चर्चा गरिएको गरियो।'

नेपाली परम्परागत मौलिक संस्कार संस्कृतिको संरक्षण गर्नु आवश्यक रहेको बताउँदै महासचिव केसीले धनमाया तामाङबाट नेपाली मौलिक संगितको संरक्षण प्रवर्द्धनका लागि गरेको महत्वपूर्ण योगदान पुगेको स्मरण गरे। विशेष गरी नेपालको पश्चिम भागमा प्रचलित भाकालाई पूर्वमा प्रचारप्रसार गरेर पूर्व र पश्चिमको भावनालाई जोड्ने संस्कृति विकासमा निकै सहयोग पुगेको उनले बताए।

धनमाया तामाङले आफ्नो जीवनलाई नेपाली मौलिक सङ्गीत संस्कृतिको प्रवर्द्धनका लागि खर्चिइन् । जुन सम्मानित कार्य रहेको छ। भूगोलले पूर्व-पश्चिम रहे पनि पश्चिम भागमा रहेका सङ्गीत संस्कृतिलाई पूर्वी भागमा फैलाउने जोड्ने काम यस कार्यक्रमले गरेको छ । नेपालमै पहिलोपटक ठाडो भाकाको गीत रेकर्ड गरी श्रोता दर्शकमाझ 'धन' २०५८ अडियो र २०६३ मा अडियो 'भिजुअल' प्रस्तुत गरेपछि उनी नेपाली जनमानसमा निकै लोकप्रिय बनेकी थिइन् ।

# श्रेष्ठको 'फर्पिङ दक्षिणकाली' बुकलेट सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** जातीय संस्कृति अन्वेषक पदम श्रेष्ठद्वारा लिखित 'फर्पिङ दक्षिणकाली' पुस्तिका (बुकलेट) सार्वजनिक भएको छ । शनिबार दक्षिणकाली नगरपालिकाका नगरप्रमुख मोहन बस्नेतले एक समारोहबीच उक्त पुस्तिका सार्वजनिक गरेका हुन् ।

शाक्त, शैव र बौद्ध पर्यटन हवको रूपमा प्रवर्द्धनार्थ लिखित उक्त पुस्तिका फर्पिङ दक्षिणकाली क्षेत्रको पहिचानलाई उजागर गर्न ठूलो टेवा पुग्ने मेयर बस्नेतले बताए। कार्यक्रममा नगर उपप्रमुख बसन्ती डंगोल तामाङ, वडा नं. ९ की वडाध्यक्ष अमृका बलामी, वडा ५ का वडाध्यक्ष श्यामबहादुर खत्रीलगायतको उपस्थिति रहेको थियो ।

समारोहमा पुर्ख्यौली जमिन नबेचौं, कृषि पर्यटनलाई व्यापारमा लगाऔं अभियानका अभियन्ता प्रेमराज बासुकलाले फर्पिङ बस्तीभित्रका सात टोलमा रञ्जना लिपिको ढुंगे स्तम्भ स्थापना गर्न ३२ हजार रूपैयाँ बीउ रकम प्रदान गरे। सोही अवसरमा फर्पिङ क्षेत्रमा रही विभिन्न रचनात्मक कार्य गर्दै आइरहेका शिक्षक ध्रुव श्रेष्ठलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

२२ वर्ष अगाडि सम्पदा संस्कृति बारेको लेख संकलन गरी लिखित पुस्तक नेपाल मण्डल सम्पदा पुस्तकबाट पर्यटन प्रवर्द्धनार्थ फर्पिङ दक्षिणकाली पुस्तिका प्रकाशन गरिएको लेखक श्रेष्ठले बताए। माताको दर्शनार्थ आउने भक्तजनहरूलाई यस क्षेत्रमा रहेका धार्मिक सम्पदास्थल भ्रमण गराउने लक्ष्य राखिएको छ। पुस्तिकामा गोपालकालीन सम्पदास्थल गोपालेश्वर र नजिकै आदिवासी राजा बाणासुर र उनकी छोरी उषा मैयाँको दरबारको भग्नावशेष समेटिएका छन् । त्यसैगरी नेपालकै पहिलो एवं दक्षिण एसियाको दोस्रो विधुत् पावर हाउस चन्द्र नहर पोखरी, बज्रयोगिनी मन्दिर, गुरु गोरखनाथको पदचिह्न, असुरा गुफा र प्राचीन दक्षिणकालीको सम्पदास्थललगायतका सचित्र वर्णन गरिएको छ।

## रंगशाला

# एनपिएल विजेता जनकपुरलाई राष्ट्रपति पौडेलको बधाई

## दुई पूर्वप्रधानमन्त्रीले मैदानमै दिए जनकपुरलाई बधाई

■ प्रभाव संवाददाता



**काठमाडौं–** पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) को फाइनलमा पुगेको गृहप्रदेशको खेल हेर्न नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा कीर्तिपुरस्थित क्रिकेट मैदानमा पुगे । त्यसबाहेक माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पनि क्रिकेटको फाइनल खेल हेर्न कीर्तिपुगेका थिए ।

शनिबार सम्पन्न फाइनल खेल हेर्न गएका देउवालाई गृहप्रदेशको टिमले च्याम्पियनको उपाधि दिन नसकेपछि उत्कृष्ट खेलाडीको उपाधि भने भित्र्याइदिए । दुई पूर्वप्रधानमन्त्री उपस्थित भएको फाइनल खेलमा प्रतियोगिताको फाइनल अघिसम्म बलियो देखिएको सुदूरपश्चिम रोयल्सलाई पराजित गर्दै जनकपुर बोल्ट्सले यसअघि भोगेका दुई पराजयको गतिलो बदला लियो ।

सुदूरपश्चिमले दिएको १८४ रनको विशाल लक्ष्यलाई नियमित कप्तानबिना मैदानमा उत्रिएको जनकपुरले ५ विकेटले पराजित गर्दै पहिलो उपाधि कब्जा जमायो । जितसँगै जनकपुरले तिनै दुई पूर्वप्रधानमन्त्रीबाट १ करोड १० लाख रूपैयाँ पुरस्कार हात पाऱ्यो भने जनकपुरकै बलर ललितराज वंशीले १० लाख पर्ने मोटरसाइकल हात पारे । दुई पूर्वप्रधानमन्त्री मैदानमै गएर विजेता टिमलाई बधाई दिँदै आगामी संस्करणका लागि शुभकामना दिएका थिए ।

### राष्ट्रपतिको बधाई

राष्ट्रपति रामचन्द्र पौडेलले पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) को उपाधि जित्न सफल जनकपुर बोल्ट्सलाई बधाई दिएका छन् । साथै राष्ट्रपति पौडेलले प्रतियोगितामा सहभागी सबैलाई शुभकामना दिँदै आगामी संस्करणहरूमा अझ राम्रो गर्ने विश्वास व्यक्त गरेका छन्।

### प्रधानमन्त्री ओलीले दिए बधाई

एनपिएलको उपाधि हात पारेकोमा प्रधानमन्त्री केपी शर्मा ओलीले सामाजिक सञ्जालमार्फत् जनकपुर बोल्ट्सलाई बधाई दिए । ओलीले यस एनपिएललाई क्रिकेटको महापर्वको संज्ञा दिँदै प्रतियोगितामा सहभागी सबै टिम, आयोजक तथा व्यवस्थापकलाई धन्यबाद समेत दिएका छन्। उनले फाइनल खेलमा सुदूरपश्चिम रोयल्सले पनि राम्रो प्रदर्शन गरेको उल्लेख गर्दै जनकपुरलाई दोहोऱ्याएर बधाई दिएका थिए ।

### माधव नेपालको बधाई

त्यस्तै पूर्वप्रधानमन्त्री एवं नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले पनि एनपिएल च्याम्पियन बनेकोमा जनकपुर बोल्ट्सलाई बधाई दिँदै थप सफलताको शुभकामना दिएका छन्। उनले सामाजिक सञ्जालमार्फत् जनकपुरलाई हाम्रो पहिचान, संस्कार र समाजलाई खेलकुदको माध्यमबाट एक ठाउँमा जोडेर एकताको सन्देशसहित विश्वसामु नेपाली जनालाई चिनाउँदै एनपिएल क्रिकेट आयोजना गरेकोमा नेपाल क्रिकेट संघ (क्यान), सहभागी ८ टिम र खेलकुद प्रेमी सबै जनतालाई धन्यबाद समेत दिएका छन् ।

**महिला यू-१९ विश्वकप**

# बन्द प्रशिक्षण गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा

■ प्रभाव संवाददाता



**चितवन–** मलेसियामा आगामी जनवरीमा हुने महिला यु-१९ विश्वकपका लागि नेपाली टोलीको बन्द प्रशिक्षण चितवनमा हुने भएको छ । भरतपुर महानगरपालिका-१५ मा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको नमूना खेल मैदानमा प्रशिक्षण हुने चितवन क्रिकेट सङ्घका अध्यक्ष सुदीप पियाले जानकारी दिए। यही पुस १० देखि २२ गतेसम्म बन्द प्रशिक्षण हुने प्रशिक्षणमा १८ खेलाडीसहित २३ जना सहभागी हुनेछन्।

भरतपुर महानगर प्रमुख रेनु दाहालले नेपाल क्रिकेट सङ्घ (क्यान) को आग्रहअनुसार मैदान उपलब्ध गराइएको बताइन् । उनले सन् २०२७ मा नेपाल र बङ्गलादेशमा तय भएको महिला यु-१९ विश्वकपका खेल यही रङ्गशालामा आयोजना गर्ने गरी महानगरले तयारी गरिरहेको पनि बताइन्। यसका लागि क्यानसँग पहल भइरहेको महानगर प्रमुख दाहालले जानकारी दिइन् । यसअघि नेपाल प्रिमियर लिगको फ्रेन्चाइज टोली चितवन राइनोजले पनि यही रङ्गशालामा प्रशिक्षण गरेको थियो ।

# झापा कपको उपाधिका लागि चर्च ब्वाइज र एनआरटी भिड्ने

■ प्रभाव संवाददाता



**काठमाडौं–** झापा कपको उपाधिका लागि सहिद स्मारक 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइज युनाइटेड र न्युरोड टिम (एनआरटी) भिड्ने भएका छन् ।

विर्तामोडस्थित डोमालाल रंगशालामा शनिबार भएको दोस्रो सेमिफाइनलमा इटहरीको राष्ट्रिय जागृति क्लबलाई 'टाइब्रेकर'मा ३-० ले हराउँदै एनआरटीले चर्च बोइजसँगको भेट पक्का गरेको हो। खेलको निर्धारित समयसम्म कुनै पक्षले गोल नगरेपछि खेलको निर्णय टाइब्रेकरबाट भएको हो । टाइब्रेकरमा एनआरटीका एञ्जल महर्जन, कृतिश छुञ्जु र अभिषेक लिम्बूले गोल गरे । जागृतिका कप्तान प्रवेश दनुवार र सविन घिमिरेको प्रहार गोलरक्षक विशाल सुनारले विफल बनाए । खेलको प्लेयर अफ द म्याच एनआरटीका गोलरक्षक सुनार भए । उनले १० हजार रूपैयाँ प्राप्त गरे ।




चीन-भियतनाम डेटियान-बान जिओक झरना सीमापार पर्यटन सहयोग क्षेत्रमा बिहीबार प्रस्तुत गरिँदै । दक्षिण चीनको गुआङ्सीको सीमावर्ती सहर चोङ्जुओमा चिनियाँ भागसहितको उक्त झरना सीमापार पर्यटन सहयोग क्षेत्र यस वर्षको अक्टोबर १५ देखि औपचारि कररूपमा सञ्चालनमा आएको हो । *तस्बिरः सिन्ह्वा*

# आइएमएफका पूर्वप्रमुख राटोलाई स्पेनमा चार वर्षको जेल सजाय

**म्याड्रिड–** म्याड्रिडको एक अदालतले शुक्रबार अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) का पूर्वप्रमुख एवं स्पेनका अर्थमन्त्री रोड्रिगो राटोलाई कर अपराध, मनी लौन्ड्रिङ (धन शोधन) र भ्रष्टाचारको आरोपमा चार वर्षभन्दा बढीको जेल सजाय सुनाएको छ ।

स्पेनको कन्जरभेटिभ पपुलर पार्टीका अपमानित पूर्वहेभिवेट राटोलाई सन् २०१८ मा बैंकमा काम गर्दा कोषको दुरूपयोग गरेको आरोपमा साढे चार वर्षको जेल सजाय सुनाइएको थियो । अभियोजनकर्ताहरूले राटोले स्पेनी कर कार्यालयलाई धोका दिएर सन् २००५ देखि सन् २०१५ को बीचमा ८५ लाख युरो आफ्नै खल्तीमा भरेको दाबी गरेका छन् ।

'न्यायाधीशहरूले राटोलाई 'ट्रेजरीविरुद्धको तीनवटा अपराध, मनी लौन्ड्रिङको एउटा अपराध र व्यक्तिहरू बीचको भ्रष्टाचारको एउटा अपराधमा दोषी ठहर गरेका छन्,' अदालतले एक विज्ञप्तिमा भन्यो ।



राटोलाई चार वर्ष नौ महिना र एक दिनको जेल सजाय सुनाइएको छ र २० लाख युरो (२१ लाख डलर) भन्दा बढी जरिवाना गरिएको छ । फैसलाविरुद्ध उनले सर्वोच्च अदालतमा अपिल गर्न सक्ने छन् । राटोले सन् २००४ देखि सन् २००७ सम्म आइएमएफको नेतृत्व गर्नुअघि जोस मारिया अजनारको कन्जर्भेटिभ सरकारमा अर्थमन्त्री र उपप्रधानमन्त्रीको रूपमा आठ वर्ष विभिन्न रूपमा सेवा गरेका थिए ।

पछि उनले स्पेनको ऋणदाता ब्यांकियाको नेतृत्व गरे । त्यहाँ उनले सन् २०१० देखि सन् २०१२ को बीचमा व्यक्तिगत खर्चका लागि कम्पनीको क्रेडिट कार्डको दुरूपयोग गरेका थिए । यसले उनलाई सन् २०२० को अन्त्यमा अर्ध-खुला जेल व्यवस्थामा सार्नुअघि सन् २०१८ को जेल सजाय प्राप्त भयो ।

ब्यांकिया स्क्यान्डल गम्भीर आर्थिक संकटको चरम अवस्थामा उजागर भएको थियो । यसले धेरै मानिसलाई आर्थिकरूपमा संघर्ष गर्न बाध्य तुल्यायो । यसले स्पेनमा आक्रोश निम्त्यायो । यो त्यतिबेला बिग्रियो जतिबेला सरकारले असफल ऋणदाताका लागि उद्धारमा २२ अर्ब युरो खर्च गर्‍यो र यो चाँडै वित्तीय अधिकताको प्रतीकका रूपमा बदनाम भएको थियो । *रासस⁄एएफपी*

इयूलाई ट्रम्पको चेतावनी

# थप तेल र ग्यास खरिद नगरे कर लगाइन्छ

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति निर्वाचित डोनाल्ड ट्रम्पले शुक्रबार युरोपेली संघ (इयू) लाई तेल र ग्यास खरिदमार्फत वासिङ्टनसँगको 'विशाल' व्यापार घाटा नघटाए भन्सार महसुल लगाउने धम्की दिएका छन् । 'मैले इयूलाई उनीहरूले हाम्रो तेल र ग्यासको ठूलो मात्रामा खरिद गरेर संयुक्त राज्य अमेरिकासँगको आफ्नो विशाल घाटालाई पूरा गर्नुपर्दछ भनेको छु,' ट्रम्पले शुक्रबार बिहान आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा एक पोस्टमा भने, 'अन्यथा पूरै भन्सार महसुल लगाइने छ ।'



अमेरिकी तथ्यांकअनुसार सन् २०२२ मा इयूबाट पाँच खर्ब ५३ अर्ब ३० करोड डलरको सामान आयात भएको थियो भने युरोपेली संघमा यसको निर्यात तीन खर्ब ५० अर्ब ८० करोड डलर थियो । यसले त्यस वर्ष इयूसँग अमेरिकाको वस्तु व्यापार घाटा दुई खर्ब दुई अर्ब ५० करोड डलर पुर्‍याएको छ ।

इयू प्रमुख उर्सुला भोन डेर लेयनले नोभेम्बरमा ट्रम्पलाई रुसी ऊर्जाको विकल्पका रूपमा अमेरिकाले थप तरलीकृत प्राकृतिक ग्यास आपूर्ति गर्नसक्ने सुझाव दिएकी थिइन् । शुक्रबार ट्रम्पको धम्कीबारे प्रश्नको जवाफ दिँदै इयूका प्रवक्ताले अमेरिकाले पनि 'इयूसँग पर्याप्त सेवा व्यापार बचत' गरेको उल्लेख गर्दै २७ राष्ट्रको समूह वार्ताका लागि खुला रहेको बताए ।

'ऊर्जा क्षेत्रमा हाम्रो साझा चासोका बारेमा छलफल गरी पहिले नै बलियो सम्बन्धलाई कसरी अझ सुदृढ पार्न सकिन्छ भनेर राष्ट्रपतिमा निर्वाचित ट्रम्पसँग छलफल गर्न हामी तयार छौं,' इयूका प्रवक्ता ओलोफ गिलले पत्रकार सम्मेलनमा भने । जनवरीमा पदभार ग्रहण गर्ने ट्रम्पले क्यानाडा, मेक्सिको र चीनलगायत अमेरिकी व्यापारिक साझेदारहरूमाथि भन्सार महसुल लगाउने धम्की दिएका छन् । यसले विश्वव्यापी अर्थतन्त्रमा तरंग ल्याउन सक्छ ।

क्यानाडा र मेक्सिकोलाई संयुक्त राज्य अमेरिकामा अवैध लागुपदार्थ र कागजातविहीन आप्रवासीहरूको बाढी ल्याउन दिएको आरोप लगाउँदै उनले २५ प्रतिशत आयात शुल्क लगाउने धम्की दिएका थिए । उनले वासिङ्टनको एसिया-प्रशान्त प्रतिद्वन्द्वी चीनविरुद्ध कम्तीमा १० प्रतिशत लगाउने प्रतिबद्धता व्यक्त गरेका थिए । यस महिनाको सुरुमा इयूले चार दक्षिण अमेरिकी देशहरू अर्जेन्टिना, ब्राजिल, पाराग्वे र उरुग्वेसँग एक विशाल व्यापार सम्झौता सम्पन्न गर्‍यो । सम्झौताले ७० करोड ग्राहक भएको मुक्त व्यापार क्षेत्र सिर्जना गर्ने लक्ष्य राखेको छ ।

भोन डेर लेयनले सम्झौताले व्यापार पुलहरू निर्माण गर्ने बताएका थिए । उनका अनुसार 'विपरीत दिशामा एकान्तता र विखण्डनतर्फ बलियो हावाहरू बगिरहेका छन् ।' यी टिप्पणीलाई मुख्यतया ट्रम्पको भन्सार महसुल बढाउने धम्कीतर्फको संकेतका रूपमा हेरिएको छ ।

केही विश्लेषकले ट्रम्पको भन्सार महसुलको धम्की मात्र हुनसक्ने वा उनी ह्वाइट हाउसमा आएपछि भविष्यको व्यापार वार्तामा लाभ लिने प्रारम्भिक चाल हुनसक्ने बताएका छन् । तथापि ट्रम्पले 'उचित रूपमा प्रयोग गरिएको' भन्सार महसुल अमेरिकी अर्थतन्त्रका लागि सकारात्मक हुने कुरामा निरन्तर जोड दिएका छन् । 'हाम्रो देश अहिले सबैसँग हारिरहेको छ,' उनले यस हप्ताको सुरुमा आफ्नो फ्लोरिडास्थित निवासमा पत्रकारहरूलाई भने, 'भन्सार महसुलले हाम्रो देशलाई धनी बनाउने छ ।' *रासस⁄एएफपी*

# गाजामा २० लाखभन्दा बढी मानिस फसे : *राष्ट्रसंघ*

**गाजा–** गाजामा २० लाख भन्दा बढी मानिसहरू फसेका संयुक्त राष्ट्रसंघको राहत र कार्य एजेन्सी (युएनआरडब्ल्युए) का आपत्कालीन अधिकारी लुइस वाटरिजले शुक्रबार बताएका छन् । युएनआरडब्ल्युएले हालैका दिनहरूमा गाजामा खराब मौसम अवस्था जारी रहने अपेक्षा गरेको छ । यसका बाबजुद पनि एजेन्सीलाई आश्रय सहायताभन्दा खानालाई प्राथमिकता दिन बाध्य पारिएको छ ।

यसैबीच, संयुक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय बाल आपत्कालीन कोष (युनिसेफ) ले गाजाका बालबालिकामा जारी संकटको असरप्रति गहिरो चिन्ता व्यक्त गरेको छ । गाजामा युनिसेफका प्रमुख सञ्चार अधिकारी रोसालिया बोलिनले बालबालिकाको एउटा पुस्ताले आफ्नो अधिकारको गम्भीर उल्लंघन र आफ्नो भविष्यको विनाशको पीडा भोगिरहेको कुरा प्रकाश पारे ।

चौध महिनाभन्दा बढी समयदेखि बालबालिका विपद्को छेउमा बाँचिरहेका छन्, जसमा १४ हजार ५०० भन्दा बढी बालबालिकाको मृत्यु भएको र हजारौं घाइते भएका छन् । युनिसेफले पनि जाडो सुरु हुनेबित्तिकै स्थिति खराब हुने चेतावनी दिएको छ । गाजाका बालबालिकाहरू चिसोको सामना गरिरहेका छन् । *रासस⁄एएनआई*

# श्रीलंकाको अर्थतन्त्र ५.५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण




**कोलम्बो–** श्रीलंकाको अर्थतन्त्र सन् २०२४ को तेस्रो त्रैमासिकमा ५.५ प्रतिशतले वृद्धि हुने केन्द्रीय बैंकले प्रक्षेपण गरेको छ । राष्ट्र बैंकका अनुसार कृषि गतिविधि तीन प्रतिशत, उद्योग १०.८ प्रतिशत र सेवा गतिविधि २.६ प्रतिशतले बढेको छ ।

अक्टोबर सन् २०२४ मा चिया उत्पादनमा गिरावट भएता पनि कूल उत्पादन जनवरी र अक्टोबर बीचमा थोरै वृद्धि भएको छ । रबर उत्पादनले अक्टोबरमा उल्लेखनीय वार्षिक वृद्धि हासिल गर्दै स्थिर सुधार देखाएको केन्द्रीय बैंकले जनाएको छ ।

सन् २०२४ को पहिलो १० महिनामा नरिवलको उत्पादन वर्षैपिच्छे घटेको केन्द्रीय बैंकले जनाएको छ । गत वर्ष डिसेम्बर २० सम्ममा अमेरिकी डलरको तुलनामा श्रीलंकाली रूपैयाँ १०.७ प्रतिशतले बढेको केन्द्रीय बैंकले जनाएको छ । *रासस⁄सिन्ह्वा*

# जापानमा आगलागीमा परी आठ जनाको मृत्य

**टोकियो–** जापानमा शनिबार विभिन्न आगलागीमा परी आठ जनाको मृत्यु भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । टोकियोको दक्षिणी भागमा रहेको योकोसुकामा रहेको दुई तले घरमा बिहान आगलागी भएपछि ९२ वर्षीय पुरुष र उनकी ८९ वर्षीया श्रीमतीको मृत्यु भएको क्योडो न्युजले जनाएको छ । सोही सहरको दुई तले अपार्टमेन्टमा आगलागी हुँदा ६८ वर्षीया महिलाको मृत्यु भएको छ । *रासस⁄सिन्ह्वा*


**Bheemdatt Municipality**
**Office of Municipal Executive**
**Kanchanpur**
**Sudurpaschim Province, Nepal**

**Invitation for Bid**

**(Date of Publication: 2081/09/07)**

1. Bheemdatt Municipality, Office of the Municipal Executive, Mahendranagar, Kanchanpur invites electronic bids from eligible bidders for following works:

| Contract Number | Description Procurement | Estimated Amount in NRs. (Exel. VAT & PS Items) | Bid Security Amount (NRs) | Bid Documents Fee (NRs) | Last Date of Bid Submission | Date of Bid Opening |
|---|---|---|---|---|---|---|
| 30/BTRM/2081 1082 | Road upgrading and Maintenance of various roads of Bhemmdatt Municiaplity | NPR-94,87,320.67 | NPR-3,00,9000.00 | 3,000.00 | 8th Magh 2081 At 12:00 PM | 8 Magh 2081, 13:00 PM |
| 31/BTR/RUI/NCB/2081/082 | Construction of Blacktop Road & Gravelling of various roads, Ward no. 05 | NPR-23,37,617.24 | NPR-68,000.00 | 3,000.00 | | |
| 32/BTR/NCB/2081/082 | Construction of Blacktop Road & Drain, Ward no. 12 | NPR-18,58,407.08 | NPR-52,500.00 | 3,000.00 | | |
| 33/BTR/NCB/2081/082 | Construction of Blacktop Road & Drain, Ward no. 16 | NPR-26,54,867.26 | NPR-68,000.00 | 3,000.00 | | |

2. Eligible Bidders may obtain further information at Bheemdatt Municipality, Office of Municipal Executive, Mahendranagar, Kanchanpur (Tel-099-521322,521167) or may visit PPMO's website, http://bolpatra.gov.np/egp-

**Chief Administrative Officer**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १४९००० | प्रति तोला – ० | प्रति तोला – १७८० |



**सुन्तला बजार लैजान ग्रेडिङ गरिंदै** | **नुवाकोटको म्यागङ-२ बुङताङका किसानले उत्पादन गरेको सुन्तला बजार लैजान ग्रेडिङ गर्दै । यहाँ उत्पादित सुन्तला प्रतिकिलो रु ७० देखि ८० मा बिक्री हुने गरेको किसानहरूले बताएका छन् ।** *तस्बिर : रामहरि न्यौपाने/रासस*

# पुस अन्तिम सातादेखि पाइपलाइनबाटै पेट्रोल

■ **अशोक घिमिरे**



**काठमाडौं–** नेपाल आयल निगमले यही पुस अन्तिम सातादेखि भारतको मोतिहारीदेखि पाइपलाइनबाट डिजेलसँगै पेट्रोल र मट्टितेल पनि ल्याउने तयारी गरेको छ । निगमले २०७६ सालदेखि पाइपलाइनमार्फत मोतिहारीदेखि अमलेखगन्जसम्म डिजेल आयात गरिरहेको छ । पेट्रोल, डिजेल र मट्टितेल आयात गर्न सकिने गरी निर्माण गरिएको 'मल्टी प्रोडक्ट पाइपलाइन'बाट पेट्रोल र मट्टितेल ल्याउने काम अन्तिम चरणमा पुगेको निगमको मधेस प्रादेशिक कार्यालयका प्रमुख प्रलयङ्कर आचार्यले जानकारी दिए । निगमले परियोजनाको दोस्रो चरणअन्तर्गत पाइपलाइनबाट पेट्रोल र मट्टितेल ल्याउने कामको परीक्षण सफल गरिसकेको छ ।

प्रमुख आचार्यले भने, 'पाइपलाइनबाट परीक्षणका रूपमा पेट्रोल र मट्टितेल अमलेखगञ्ज ल्याएका छौँ, भण्डारणका लागि डिपोभित्र नयाँ पाइपलाइन र ट्याङ्क निर्माण भएको छ । हाल ती संरचनामा 'चार्ज' गर्ने र मिटरको गुणस्तर परीक्षणको काम भइरहेको छ ।' निगमले पाइलपाइनबाट गत असोज १८ गते पाँच हजार पाँच सय किलोलिटर पेट्रोल र गत मङ्सिर २६ गते एक हजार किलोलिटर मट्टितेल अमलेखगन्ज झारेको थियो । अब निरन्तर पाइपलाइनबाट डिजेलका साथै पेट्रोल र मट्टितेल ल्याउन सक्ने स्थितिमा निगम पुगेको छ । पेट्रोलियम पदार्थको संवेदनशीलतालाई मध्यनजर गर्दै हाल विस्तृत परीक्षणको काम भइरहेको छ ।

'स-साना 'लिकेज' हुन सक्छ कि भनेर सुक्ष्म रूपमा निगरानी गरिरहेका छौँ यसै महिनाको अन्तिम साता पाइपलाइन परियोजनाको दोस्रो चरणको काम उद्घाटन गर्ने योजना छ । यसपछि क्रमशः पाइपलाइनबाट पेट्रोल र मट्टिटेल अमलेगन्ज आउनेछ', कार्यालय प्रमुख आचार्यले भने, 'ट्रक ट्याङ्करका तुलनामा पाइपलाइनबाट पेट्रोलियम पदार्थको आयात गर्नु धेरै नै सुरक्षित मानिन्छ । पाइपलाइनबाट इन्धन आउन थालेपछि ट्रकट्याङ्कर दुर्घटना, इन्धन चोरी तथा मिसावट र वातावरणीय प्रदूषणलगायत समस्याको अन्त्य हुनेछ ।'

पाइपलाइनबाट दैनिक छ हजार किलोलिटर पेट्रोलियम पदार्थ अमलेखगन्ज ल्याउन सकिन्छ तर पेट्रोलियम पदार्थको माग नबढेकाले पूर्ण क्षमतामा पाइपलाइन सञ्चालन हुने अवस्था भने बनेको छैन । 'दैनिक छ हजार किलोलिटर पेट्रोलियम पदार्थ आयत गर्नुपर्ने अवस्थामा निगम पुगेको छैन', प्रमुख आचार्यले भने, 'डिजेल, पेट्रोल र मट्टितेल पाइपलाइनबाटै आयत हुन थालेपछि भने पूर्ण क्षमतामा सञ्चालन हुन सक्छ ।'

यसलाई दक्षिण एसियाको पहिलो अन्तरदेशीय पाइपलाइन परियोजना भनिएको छ, जसको कुल लम्बाइ ६९ दशमलव दुई किमी रहेको छ । यसमध्ये भारततर्फ ३३ किमी र नेपालतर्फ ३६ दशमलव दुई किमी रहेको छ । विसं २०७६ भदौ २४ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय समकक्षी नरेन्द्र मोदीले सो परियोजनाको संयुक्त रूपमा उद्घाटन गरेका थिए । निगमको मधेस प्रादेशिक डिपो अमलेखगन्जबाट विराटनगर, भैरहवा, थानकोट, पोखरा, वीरगन्ज, जनकपुरस्थिति डिपोमा इन्धन आपूर्ति हुँदै आएको छ । अमलेखगन्जबाट स्थानीयस्तरका पम्पका लागि पनि पेट्रोलिमय पदार्थ बिक्रीवितरण हुँदै आएको छ ।

### पूर्ण 'अटोमेसन'मा अमलेखगन्ज डिपो

करिब पाँच दशकदेखि सञ्चालित अमलेखगन्ज डिपो पूर्ण 'अटोमेसन'मा जाँदैछ । पाइपलाइन परियोजनाको दोस्रो चरणअन्तर्गत डिपोमा पेट्रोल, डिजेल र मट्टिटेल भण्डारणका लागि चार वटा नयाँ 'भर्टिकल ट्याङ्क' निर्माण गरिएका छन् । पाइपलाइनबाट ल्याइएको पेट्रोलियम पदार्थको शुद्धता कायम राख्न दुई वटा 'ट्रान्समिक्स ट्याङ्क' र अग्नि नियन्त्रण प्रणालीको व्यवस्था गरिएको छ ।

ट्रक ट्याङ्करमा इन्धन भर्नका लागि थप २४ वटा पूर्णस्वचालित 'लोडिङ-वे', अत्याधुनिक प्रयोगशालालगायत संरचना निर्माण गरी परीक्षण सम्पन्न गरिएको परियोजनाका इन्जिनियर प्रशान्त भट्टराईले जानकारी दिए । '२४ वटा लोडिङ-वेमा पेट्रोल र डिजल ट्याङ्कर भर्नका लागि टप फिलिङ र बटम फिलिङको व्यवस्था गरिएको छ', उनले भने, 'भण्डारण ट्याङ्क र नयाँ लोडिङ-वे करिब आठ सय मिटरको अन्तरमा छ, यसले डिपोलाई झन् सुरक्षित बनाएको छ ।'

मुलुकमा पेट्रोलियम पदार्थको सहज आपूर्ति र वितरण प्रणालीलाई सुनिश्चित गर्न विसं २०३० मा अमलेखगन्ज डिपोको निर्माण सुरु गरिएको थियो । करिब ६७ हजार सात सय २४ वर्गमिटरमा फैलिएको सो डिपो निर्माण सम्पन्न गरी २०३३ माघबाट सञ्चालनमा आएको थियो । यो देशकै सबैभन्दा ठूलो डिपोका रूपमा रहेको छ ।

अमलेखगन्जस्थित डिपोमा हाल १५ हजार एक सय १० किलोलिटर पेट्रोल, २४ हजार आठ सय १० किलोलिटर डिजेल र दुई हजार दुई सय ७० किलोलिटर मट्टितेलको भण्डारण क्षमता रहेको छ । सरकारले सातै प्रदेशमा कम्तीमा तीन महिनाको माग धान्न सक्ने गरी भण्डारण क्षमता विस्तारको योजना अघि सारेको छ । सोही योजनाअनुसार निगमले हाल विभिन्न प्रदेशमा भण्डारण क्षमता विस्तारका कार्यक्रम अघि बढाइरहेको छ । *रासस*

# सिरक डसना बनाएर मनग्य आम्दानी

**बरहथवा (सर्लाही)–** सर्लाहीको हरिपुर नगरपालिका-५ लक्ष्मीपुरका ६५ वर्षीय मोहमद रफिकलाई पछिल्ला दिनमा सिरक डसना बनाउन भ्याइनभ्याइ भएको छ । सिरक डसना बनाउने पेसाले मनग्य आम्दानी हुने गरेको उनले बताए । रफिकका दुई छोरा सोही काममा वैदेशिक रोजगारीमा छन् । उनका एक छोरा ट्र्याक्टरमा पुरानो लुगा पेलेर सिरक डसना बनाउने काम गर्दै विभिन्न स्थान पुग्ने गरेका छन् । मोहमद भने गाउँ तथा नजिकैको बजार क्षेत्रमा सिरक डस्ना बनाउने काम गर्दछन् ।

यस कामबाट आम्दानी राम्रो हुने गरेको हरिपुर-५ का कालीगढ हसन मन्सुरले बताए । 'सिरक डसना बनाउने काम परम्परागत हुँदै हामीले सिकेका हौँ', उनले भने, 'व्यापारीले काम दिएको बेला बजारतिरै काम गर्छौं । बाँकी समय गाउँगाउँमै पनि पुग्ने गरेका छौँ ।'

धनुषा, पर्सा, काठमाडौँसम्म पुगेर सिरक डसना बनाउने काम गरेको रफिकले बताए । उनका अनुसार एक जना कालीगढले दिनमा सात वटासम्म सिरक वा डसना बनाउन सक्छन् । पसले वा स्थानीयबाट लम्बाइ र चौडाइ हेरेर एउटा सिरक वा डसना बनाएको कम्तीमा रु सात सय ज्याला लिने गरेको उनले बताए ।

सिरक डसना बनाउन सम्पूर्ण सामान साहुले नै उपलब्ध गराइदिन्छन् । कपास फिट्ने लाठी र सियोको भरमा मनग्य आम्दानी गर्ने गरेको मन्सुरको भनाइ छ । जस्तोसुकै भए पनि सीप भएपछि कमाइ गर्न समस्या नहुने उनी बताउँछन् । औपचारिक शिक्षा नलिएका तीनै जनाले आफ्ना बुबाबाजेबाट सिकेको सीप लिएर स्वरोजगार बनेको बताए । मेहनत गर्न सक्दा गाउँ ठाउँमै काम पाइने उनको भनाइ थियो ।

यामको तीन/चार महिना कात्तिक, मङ्सिर, पुस र माघसम्म मासिक रु डेढ लाखको हाराहारीमा आम्दानी गर्ने गरेको रफिकले बताए । 'दिनको झण्डै रु पाँच हजारसम्म आम्दानी हुन्छ', उनले भने, 'बिहानैदेखि आँखा देखुञ्जेल काम गर्न'पर्छ । सिरक डसना बनाएर कमाएको आम्दानीले परिवारका सात जनाको भरणपोषण गर्ने गरेको उनको भनाइ थियो', 'अहिले छोराहरू पनि कमाउन जान्छन्', अर्का कालीगढ हाफिज मन्सुले भने, 'तर, घरमा भएका बुहारी नातिनातिनीहरू सबैको लालनपालन आफैँले गरिरहेको छु ।' कमाइ नभए कसरी परिवार पाल्नु उनले प्रश्न गरे । हफिजका अनुसार पछिल्लो समय विभिन्न प्रकारका म्याटेसलगायतको बजारले सिरक डसनाको माग कम हुँदै गएको छ ।

यसरी सिरक डसनाको मागसँगै बनाउने पेसासमेत संकटमा पर्दै गएकोमा उनले दुखेसो गरे, 'बजारमा विभिन्न म्याटेस पाहिन्छ । गाउँमा पनि त्यही राख्न थालेका छन् । गाउँगाउँमा ट्र्याक्टरमा उपकरण लिएर हिँड्नेले पुरानो लुगाबाट सिरक डस्ना बनाउन थालेपछि झन कपासको प्रयोग गरेर सिरक डसना बनाउने काम घट्दै गएको छ ।' *रासस*

# माथिल्लो म्याग्दी निर्माणस्थल पहुँचमार्गले जोडियो

**म्याग्दी–** माथिल्लो म्याग्दी जलविद्युत् आयोजना निर्माण स्थल पहुँचमार्गले जोडिएको छ । ३७ मेगावाट क्षमताको सो आयोजनाको हाइड्रो इम्पायर प्रालिको प्रवर्द्धक रहेको छ । बाँध, विद्युत्गृह र सुरुङको अडिट निर्माण स्थल जोड्ने सडक निर्माण भएको हो ।

मालिका गाउँपालिका-७ बिमको भारबाङदेखि कल्लेनी, छहरी, खारा, खाम्ला, नाउरा हुँदै बगर गाउँ नजिकैसम्म करिब २१ किलोमिटर पहुँच निर्माण गर्न सो क्षेत्रमा निर्माणका क्रममा रहेका माथिल्लो म्याग्दी, अपर म्याग्दी १, म्याग्दीखोला जलविद्युत आयोजनाले साझेदारी गरेका छन् । माथिल्लो म्याग्दी जलविद्युत् आयोजनाका प्रबन्ध निर्देशक जीतबहादुर घर्तीले पहुँचमार्गमा पर्ने म्याग्दी नदीमाथि ५० र ३० मेट्रिकटन क्षमताको दुई वटा बेलिब्रिज जडान भइसकेको जानकारी दिए । पहुँचमार्ग, आवास र सैनिक क्याम्पको भवन, जेनेरेशन लाइन निर्माण सकिएको आयोजनाको सुरुङ, बाँध र विद्युत् गृह निर्माणको तयारी गरेको उनले बताए ।

निर्देशक घर्तीका अनुसार अबको दुई वर्ष छ महिनाभित्र विद्युत् उत्पादन गर्ने लक्ष्यसहित सिभिल ठेकेदार परिचालित भइसकेको छ । धवलागिरि गाउँपालिका-४ मा पर्ने सिन्कोस र म्याग्दी खोलाको दोभानभन्दा एक सय ३० मिटर तल म्याग्दी खोलाको दायाँ किनारमा बाँध, म्याग्दी खोलाको बाँया किनारमा भूमिगत बालुवा थिग्रयाउने पोखरी, हेडरेस सुरुङ बन्ने आयोजनाको विद्युत्गृह म्याग्दी खोला र मुदी खोलाभन्दा एक किलोमिटर माथि प्रस्ताव गरिएको छ ।

तीन किलोमिटर पाँच सय ५३ दशमलव ३३ मिटर लामो सुरुङबाट ल्याइने पानी तीन सय दशमलव ८८ मिटर अग्लो हेडबाट विद्युतगृहमा खसालेर विद्युत् उत्पादन गरिने भएको छ । आउटलेटदेखि विद्युतगृहसम्म सात सय ९७ दशमलव ९६ मिटर लामो पेनस्टक पाइप जडान गरिनेछ ।

आयोजनाका लागि आवश्यक एक दशमलव ६९ हेक्टर निजी जग्गा खरिद गरिएको र तीन दशमलव ६९ हेक्टर सरकारी जग्गा प्रयोग गरेबापत शोधभर्नाको प्रक्रिया अगाडि बढाएको छ । आयोजनाका लागि आवश्यक विष्फोटक पदार्थ खरिदका लागि सम्बन्धित निकायबाट स्वीकृति लिई प्रक्रिया अगाडि बढाइएको प्रबन्ध निर्देशक घर्तीले बताए ।

### जुट्यो लगानी

माथिल्लो म्याग्दी निर्माणका लागि सिद्धार्थ बैंक, नेपाल एसबिआइ, सिटिजन्स बैंक, एभरेष्ट बैंक र नवील बैंकले रु पाँच अर्ब ३४ करोड ८८ लाख ९८ हजार लगानी गर्ने सम्झौता भएको छ । बैंकको ब्याजबाहेक आयोजनाको कूल लागत रु छ अर्ब ६९ करोड ९४ लाख ९५ हजार अनुमान गरिएको छ । ब्याजसहित रु सात अर्ब ६३ करोड २ ९ लाख १४ हजार लागत अनुमान गरिएको आयोजनाकाले १२ वर्षको अवधिमा ऋण तिरिसक्ने योजना बनाएको छ ।

सत्तरी प्रतिशत ऋण र ३० प्रतिशत स्वपुँजी लगानी रहने आयोजना पूरा भएपछि दुई सय १५ दशमलव सात सय १४ गिगावाट प्रतिघण्टा विद्युत् उत्पादन हुनेछ । उत्पादित विद्युत् विद्युतगृहदेखि १० दशमलव दुई किलोमिटर दूरीको एक सय ३२ केभी सिङ्गल सर्किट प्रसारण लाइनमार्फत डाडाखेत सबस्टेसनमा जोडिनेछ ।

धौलागिरि हिमालको फेदी भएर बग्ने म्याग्दी नदीबाट विद्युत् उत्पादनका लागि विद्युत् विकास विभागबाट थप चार वटा आयोजनाले निर्माणको अनुमति पाएका छन् । ५३.५ मेगावाट क्षमताको अपर म्याग्दी पहिलोको निर्माण सुरु भएको छ । १४.७० मेगावाट क्षमताको मुदीखोला र ५७.३० मेगावाट क्षमताको म्याग्दीखोला जलविद्युत आयोजना पहुँचमार्ग निर्माणको चरणमा छन् । धौलागिरि कालिका हाइड्रो लिमिटेडले मालिका गाउँपालिकामा २५ मेगावाट क्षमताको दरबाङ म्याग्दीखोला जलविद्युत् आयोजनाको पाँच वर्षअघि शिलान्यास गरे पनि गति लिन सकेको छैन । *रासस*

# हेटौंडा उपमहानगरले बढायो चालु बजेट




**बागमती (प्रस)–** हेटौँडा उपमहानगरपालिकाले चालु आ.व. २०८१/८२ का लागि करिब २० करोड बजेट वृद्धि गरेको छ । हेटौँडा उपमहानगरपालिकाको नगरसभाको १६औं अधिवेशनको बैठकले चालु आव २०८१/८२ का लागि विनियोजित बजेटमा रु १९ करोड ९७ लाख वृद्धि गर्ने निर्णय गरेको हो । गत असार १० गतेको नगरसभाले चालु आव २०८१/८२ का लागि रु दुई अर्ब ५२ करोड बजेट विनियोजन गरेको थियो ।

चालु आवको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न तथा नगर क्षेत्रका नागरिकको जीवनस्तरमा सुधार ल्याउन बजेट संशोधन गरी बजेटमा वृद्धि गरिएको उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपानेले जानकारी दिए ।

विभिन्न विषयगत समितिबाट पेस भएअनुसार कर्मचारी तथा जनप्रतिनिधिको तलब भत्ता, सबारी इन्धन तथा मर्मत, कायौलय सञ्चालन तथा प्रशासनिक खर्च, ईसिडि शिक्षक र विद्यालय कर्मचारी प्रोत्साहन, बालमैत्री स्थानीय शासन अभियान, वहुवर्षीय योजनाको भुक्तानीलगायत लागि चालु वर्षमा वृद्धि गरिएको प्रवक्ता न्यौपानेले बताए । नदीजन्य पदार्थको उत्खन्न तथा बिक्री वितरण, आन्तरिक राजस्व स्रोत तथा सङ्घ र प्रदेश सरकारसँगको समन्वयमा सो बजेट रकम व्यवस्थापन गरिने उनको भनाइ छ ।

हेटौँडा उपमहानगरपालिकाले चालु आव २०८१/८२ को पाँच महिनाको अवधिमा विभिन्न शीर्षकबाट रु २० करोड ६२ लाख १७ हजार राजस्व सङ्कलन गरेको जनाएको छ । यस्तै सो अवधिमा चालु आव २०८१/८२ को कूल बजेट मध्ये २१ दशमलव १२ प्रतिशत खर्च भएको उपमहानगरपालिकाले जनाएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ